# नैतिक शिक्षा

## कक्षा ७

नेपाल सरकार
शिक्षा मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

# नैतिक शिक्षा

## कक्षा ७

लेखक
ध्रुवप्रसाद भट्टराई

प्रकाशक
नेपाल सरकार
शिक्षा मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

Curriculum Development Centre

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

ISBN:

© प्रकाशकमा

प्रथम संस्करण : वि.सं. २०७१

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट अभिलेखबद्ध गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

Curriculum Development Centre

# हाम्रो भनाइ

शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम, पाठ्य पुस्तक विकास तथा परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिइँदै आएको छ । विद्यार्थीमा राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकता, अनुशासन र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुण तथा आधारभूत भाषिक तथा गणितीय सिपका साथै विज्ञान, पेसा, व्यवसाय, सूचना तथा सञ्चार प्रविधि, वातावरण र स्वास्थ्य सम्बन्धी आधारभूत ज्ञान र जीवनोपयोगी सिपको विकास गराउनु जरुरी छ । त्यसै गरी उनीहरूमा कला र सौन्दर्यप्रति अभिरुचि जगाउनु, मानवीय मूल्य मान्यता, आदर्श र वैशिष्ट्यहरूको संरक्षण, संवर्धन गराउनु, सिर्जनशील सिपको विकास गराउनु र विभिन्न जातजाति, लिङ्ग, अपाङ्गता, भाषा, धर्म, संस्कृति र क्षेत्रप्रति समभाव जगाई समावेशी समाजको निर्माणमा सहयोग पुर्‍याउनु र मानव अधिकार तथा सामाजिक मूल्य मान्यताप्रति सचेत भई जिम्मेवारीपूर्ण आचरण विकास गराउनु पनि आजको आवश्यकता बनेको छ । यही आवश्यकता पूर्तिका लागि शिक्षा सम्बन्धी विभिन्न आयोगका सुझाव, शिक्षक, विद्यार्थी तथा अभिभावकलगायत शिक्षासँग सम्बद्ध विभिन्न व्यक्ति सम्मिलित गोष्ठी र अन्तरक्रियाका निष्कर्षबाट विकास गरिएको आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), २०६९ अनुसार देशका विभिन्न विद्यालयमा परीक्षण गरी प्राप्त पृष्ठपोषणका आधारमा देशभर पठन पाठन गर्ने उद्देश्यले यो पाठ्य पुस्तक तयार पारिएको हो ।

पाठ्य पुस्तकलाई यस स्वरूपमा ल्याउने कार्यमा पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक दिवाकर ढुङ्गेल तथा उषा दीक्षित, डा. चिन्तामणि योगी, दिनेश खनाल, एकारत्न शर्मा आचार्य, सानु अमात्य, केशवप्रसाद न्यौपाने, तुलसी आचार्य, ज्ञानमणि नेपाल, डिकबहादुर राई, हेमराज खतिवडाको विशेष योगदान रहेको छ । यस पाठ्य पुस्तकको विषय वस्तु सम्पादन कमला पाण्डे, पुरुषोत्तम घिमिरे र मित्रप्रसाद काफ्लेबाट तथा भाषा सम्पादन हरिप्रसाद निरौला, कला सम्पादन श्रीहरि श्रेष्ठ, लेआउट डिजाइन जयराम कुइँकेलबाट भएको हो । यस पाठ्य पुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

पाठ्य पुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । यसबाट विद्यार्थीलाई पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । यस पाठ्य पुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ । पाठ्य पुस्तकलाई अझै परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**

वि.सं. २०७१

Curriculum Development Centre

# विषय सूची


| क्र. स. | शीर्षक | पृष्ठ सङ्ख्या |
| --- | --- | --- |
| एकाइ १ | चारित्रिक विकास | १–१३ |
| पाठ १ | देवीरामले देखाएको बाटो | २ |
| पाठ २ | धर्मको साझा सार | ५ |
| पाठ ३ | सबै मिलौँ | ११ |
| एकाइ २ | मानवीय मूल्य मान्यता | १४–२८ |
| पाठ १ | सहयोगी भावना | १५ |
| पाठ २ | काम थरी थरीका | १९ |
| पाठ ३ | इमानदारी | २४ |
| एकाइ ३ | नागरिक कर्तव्य र दायित्व | २९–४५ |
| पाठ १ | हाम्रो अधिकार | ३० |
| पाठ २ | नैतिक दायित्व | ३५ |
| पाठ ३ | बुबाको अर्ती | ४१ |
| एकाइ ४ | सामूहिक जीवन पद्धति र विविधता | ४६–६० |
| पाठ १ | शिक्षाको महत्त्व | ४७ |
| पाठ २ | नैतिक अभ्यास | ५१ |
| पाठ ३ | सबैको सम्मान आफ्नै सम्मान | ५६ |
| एकाइ ५ | अनुशासन तथा सकारात्मक चिन्तन | ६१–७७ |
| पाठ १ | म असल बन्छु | ६२ |
| पाठ २ | अनुशासनका फाइदा | ६७ |
| पाठ ३ | कामअनुसारको फल | ७२ |


Curriculum Development Centre

एकाइ १

# चारित्रिक विकास











Curriculum Development Centre

**सिकाइ उपलब्धि**

- चरित्र विकासका विभिन्न नमुनाहरू प्रस्तुत गर्न र सोअनुसार व्यवहारमा अनुसरण गर्न
- मानवीय आचरणका सम्बन्धमा धर्मका साझा सार बताउन र त्यसलाई व्यवहारमा उतार्न
- धार्मिक एवम् सामाजिक आचरणबिच समन्वय गर्न

# पाठ : १ देवीरामले देखाएको बाटो

अपेक्षित व्यवहार

- प्रतिकूल अवस्थामा पनि धैर्य राखी काम गर्न
- असल उद्देश्य राखी काममा सक्रिय रहन
- अवसरको सदुपयोग गर्न
- सेवा र सहयोगका लागि तत्पर रहन
- सामूहिकताको भावनाले काम गर्न
- अनुकरणीय चरित्रको विकासका लागि प्रेरित हुन



देवीराम गुरुङको जन्म मनाङको तिल्चे गाउँमा भएको हो । देवीरामलाई सबैले देवी भनेर बोलाउँथे । उनको घरको आर्थिक अवस्था कमजोर थियो । देवी सानै हुँदा उनका आमा बुबाको मृत्यु भएको थियो । घरमा दाजु र दिदी थिए । तर उनीहरूले देवीको उचित स्याहार सुसार गर्न सकेनन् । घरमा कुनै उपाय नदेखेपछि देवी खाली खुट्टा काठमाडौँ सहर छिरे । उनीसँग केही थिएन । खाने, बस्ने र लगाउने आधार नभएका देवीको सडक जीवन सुरु भयो । उनी दिनभर सडकमा डुली हिँड्थे । देवी रातमा मन्दिरको पेटीमा सुतेर बिताउँथे । उनी साथीसँग विभिन्न ठाउँमा खानेकुरा खोज्न र माग्न जान्थे । देवी दिनभर जे मिल्यो त्यही खाएर गुजारा गर्थे ।

---

शिक्षण सुझाव

- असल चरित्र निर्माणमा विद्यार्थीको भूमिका कस्तो हुन्छ भन्ने विषयमा छलफल गरी आएका बुँदा टिपोट गर्नुहोस् ।
- विद्यार्थीहरूलाई समाजमा असल चरित्रको नमुना प्रस्तुत गर्न आवश्यक पर्ने व्यावहारिक चरित्रहरूको सूची बनाई प्रस्तुत गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई घर, परिवार र समुदायमा के कस्ता असल चरित्र भएका व्यक्तिहरू छन् ? अभिभावकसँग छलफल गर्न लगाउनुहोस् । असल हुनाका कारण खोजी गरी कक्षा कोठामा प्रस्तुत गर्न लगाउनुहोस् ।



Curriculum Development Centre

एक दिनको कुरा हो । देवीरामले ठमेलको एउटा रेस्टुराँमा काम पाए । त्यहाँ थुप्रै विदेशी पर्यटक आउँथे । तीमध्ये केही पर्यटक बारम्बार त्यहाँ आइरहन्थे । बारम्बार नेपाल आउने पर्यटकहरूमा सन्तान नभएका एक अमेरिकी जोडी पनि थिए । देवीको असल व्यवहारबाट ती पर्यटक प्रभावित भए । अमेरिकी पर्यटकले देवीलाई अमेरिका लैजाने कुरा गरे । देवीले पनि केही गर्न सकिन्छ कि भन्ने सोचेर अमेरिका जान ठिकै ठाने ।

अमेरिकामा देवीले विद्यालय र कलेज हुँदै विश्व विद्यालय तहको शिक्षा पुरा गरे । उनी असल आचरण भएका लगनशील विद्यार्थी थिए । त्यहाँ उनले स्वास्थ्य विज्ञान विषयमा उच्च शिक्षा हासिल गरे ।

ठमेलको रेस्टुराँमा काम गर्ने बेलादेखि नै देवीमा समाज सेवाको भावना पैदा भएको थियो । त्यहाँ काम गर्दा उनमा धेरै पैसा कमाउन सके त्यस्तै ठुलो होटल सञ्चालन गर्ने विचार आएको थियो । उनलाई स्वास्थ्य संस्था खोलेर ग्रामीण भेगका जनताको सेवा गर्ने इच्छा पनि थियो । देवीको मन चोखो र सफा थियो ।

सानो उमेरमा ठुलो उद्देश्य लिएका देवीले अहिले स्वास्थ्य सम्बन्धी एउटा संस्था खोलेका छन् । यस संस्थाले नेपालका दुर्गम ग्रामीण भेगका जनताको स्वास्थ्य उपचार गर्ने र उनीहरूको जीवन स्तर उकास्ने उद्देश्य राखेको छ । सोहीअनुसार कार्यक्रम पनि सञ्चालन हुन लागेका छन् । यस कार्यमा देवीका साथीले पनि सहयोग गरेका छन् ।

देवी आफ्नो विगत कहिल्यै बिर्सदैनन् । उनी नेपाल आएको बेला काठमाडौँमा सडक जीवन बिताइरहेका बालबालिकालाई भेला गर्छन् । उनीहरूलाई खानेकुरा, कपडा र सरसफाइका सामग्री बाँड्छन् । आफूले पहिले भोगेको दु:ख सम्झेर उनले यो काम गरेका हुन् । उनले शिक्षाको चेतना बढाउने काम पनि गर्छन् । पढ्न नपाएका बालबालिकालाई उनले शैक्षिक सामग्रीको व्यवस्था गरेका छन् । उनी पुराना दिन सम्झँदा रुन मन लाग्छ भन्छन् । उनलाई अहिले अर्को जन्म पाए जस्तो भएको छ । देवीराम सडक बालकबाट समाज सेवी बनेका छन् ।

हामीले पनि देवीरामको जस्तो असल बानीको अनुसरण गर्नुपर्दछ । असल उद्देश्यले समाज सेवाको भावना लिएर काम गर्नुपर्दछ । यसो गरेमा मानव जीवन सार्थक हुन्छ ।

**सारांश**

मानिस कर्मले महान् बन्छ । साहस, अनुशासन, धैर्य र लगनशीलता भए कुनै पनि मानिस महान् बन्न सक्छ । जस्तोसुकै प्रतिकूल परिस्थितिलाई पनि सहज रूपमा लिएर अघि बढ्दा लक्ष्य प्राप्त गर्न सकिन्छ । आफ्नो कर्ममा निरन्तर लागिपर्नु चरित्र निर्माणको आधार हो । नि:स्वार्थ कर्ममा लागिरहने मानिस उदाहरणीय बन्छन् । उनीहरू प्रेरणाका स्रोत बन्न पुग्छन् । समाजलाई असल बाटातर्फ अघि बढाउन सहयोगी हुन्छन् ।

Curriculum Development Centre

## अभ्यास

१. आफ्नो मूल्याङ्कन आफैँ गर :

(क) म कुनै पनि काम लगनशील भएर

(अ) गर्छु ( ) (आ) गर्दिनँ ( )

(ख) म अप्ठ्यारो परिस्थितिमा निराश

(अ) हुन्छु ( ) (आ) हुन्नँ ( )

(ग) मलाई असल चरित्र मन

(अ) पर्छ ( ) (आ) पर्दैन ( )

(घ) म ठुलो भएपछि समाज सेवामा

(अ) लाग्छु ( ) (आ) लाग्दिनँ ( )

(ङ) म आफूले पाएको दुःख सम्झेर अरूलाई सहयोग गर्न प्रेरित

(अ) हुन्छु ( ) (आ) हुन्नँ ( )

२. तलका प्रश्नको उत्तर लेख :

(क) देवीरामको घरायसी अवस्था कस्तो थियो ?

(ख) काठमाडौँमा देवीरामको दिनचर्या कसरी बित्थ्यो ?

(ग) देवीराममा सानैदेखि कस्तो विचार थियो ?

(घ) देवीरामका असल काम र व्यवहार के के हुन् ? विवरण तयार पार ।

(ङ) देवीरामको जस्तो चरित्र निर्माण गर्न हामीले के गर्नुपर्छ ? लेख ।

३. यी काम गर :

(क) तिमी आफ्नो चरित्र कस्तो होस् भन्ने चाहन्छौ ? बुँदा बनाई कक्षामा साथीहरूलाई सुनाऊ ।

(ख) विद्यालय र घर परिवारमा के कस्ता असल व्यवहार प्रदर्शन गर्न सकिन्छ ? तिन वा चार ओटा समूह बनाई यकिन गर र कक्षामा टाँस ।

Curriculum Development Centre

# पाठ : २ धर्मको साझा सार

अपेक्षित व्यवहार

- धर्मका साझा मूल्य मान्यताको सूची बनाउन
- धर्मको साझा सारलाई व्यवहारमा उतार्न
- धार्मिक सहिष्णुता कायम गर्ने काममा सहयोग गर्न




शिक्षण सुझाव

– पाठ सुरु गर्नुभन्दा पहिले आआफ्नो धार्मिक मान्यताअनुसार करिब तिन मिनेटसम्म मौन बस्न लगाई मौन बस्दाको अनुभव प्रस्तुत गर्न लगाउनुहोस् ।
– विभिन्न घटना, परिवेश र परिस्थितिको अध्ययन विश्लेषण गर्न लगाई त्यहाँ दान, प्रेम, त्याग, क्षमा र धैर्य जस्ता धर्मका साझा सारलाई उपयोग गर्ने तौरतरिकाका बारेमा छलफल गराउनुहोस् ।
– विद्यार्थीले दैनिक व्यवहारमा धर्मको साझा सारलाई व्यवहारमा उतारेको वा नउतारेको अवलोकन गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

Curriculum Development Centre

*(असीम, पेमा, हमिद र योगेन्द्र एउटै विद्यालयमा पढ्छन् । लामो छुट्टीपछि आज उनीहरूको विद्यालय खुलेको छ । खाजा खाने समयमा उनीहरू बिदामा आफूले गरेका र देखेका कामबारे कुराकानी गरिरहेका छन् । आफ्ना कुरा एकअर्कालाई सुनाउन उनीहरू निकै उत्सुक छन् । )*

असीम : तिमीहरूलाई थाहा छ, मैले बिदामा के के गरेँ भनेर ?

पेमा : (हाँस्दै) तिमीले भनेको भए पो थाहा पाउनु ।

हमिद : तिमी त घुम्न गयौ भन्ने सुनेको थिएँ ?

योगेन्द्र : सुन असीम, तिमीले भनेपछि हामी पनि भनौँला । आफ्नो अनुभव बताऊ न त ।

असीम : हो, बिदाका बेला म आमाबुबासँग पोखरा, लुम्बिनी र तिलौराकोट घुम्न गएको थिएँ । तिलौराकोट त हाम्रो देशको प्राचीन कपिलवस्तु रहेछ । त्यहाँबाट हामी नजिकको मद्रसामा पनि पुगेका थियौँ । त्यहाँ भएका धार्मिक क्रियाकलापमा सहभागी भयौँ । मैले हाम्रो आचरण र व्यवहारमा सुधार गर्न धर्मको भूमिका हुन्छ भन्ने कुरा सिकेँ ।

पेमा : म त मामाघर गएँ । मामासँग त्यहाँका गुम्बा पनि गएँ । गुम्बामा लामा गुरुहरूको प्रवचन सुनेँ । प्रवचनमा भनिएका कुरा निकै घतलाग्दा थिए ।

हमिद : म कतै पनि गइनँ । तर म दिनहुँ नमाज पढ्छु । अनि मात्र खाना खान्छु । मेरो घरमा त यो नियम पालना गर्नै पर्छ ।

योगेन्द्र : म पनि सप्ताह (श्रीमद्भागवत् ज्ञान महायज्ञ) लगाएको ठाउँमा गएँ । त्यहाँ धार्मिक प्रवचन पनि सुनेँ । प्रवचन सुनेपछि मैले असल र अनुशासित हुन प्रेरणा पनि पाएको छु ।

असीम : तिमीहरूलाई थाहा छ, धर्म भनेको धार्मिक स्थलमा जानु, दर्शन गर्नु मात्र होइन रहेछ नि !

पेमा : के रहेछ त, असीम ?

हमिद : तिमीले त गजब कुरा गऱ्यौ ? प्रार्थना गर्नु, धार्मिक पुस्तक पढ्नु पनि धर्म होइन त ?

योगेन्द्र : ती काम पनि धर्मसँग जोडिएकाले धार्मिक भनिएको होला तर धर्मको मूल कुरो त अर्कै छ जस्तो लाग्छ मलाई, होइन त ?

असीम : हो, तिमीहरू सबैको कुरा ठिक छ । सबै धर्मको मूल कुरा एउटै रहेछ । जुन धर्मले पनि असल आचरण र असल कार्य गर्न प्रेरणा दिने रहेछ । हामीले पनि यही धार्मिक प्रेरणाअनुसार असल कार्य गर्नुपर्ने रहेछ ।

पेमा : असल कार्य भनेको के हो त ?

हमिद : असल बानी, व्यवहार र सबैको उपकारलाई भन्न खोजेको होइन र ?

योगेन्द्र : त्यति मात्र होइन होला । शान्ति, सत्य, दया, प्रेम, अहिंसा जस्ता कुरा पनि हाम्रा

Curriculum Development Centre

धर्म ग्रन्थहरूमा बताइएका छन् नि, होइन त असीम ?

असीम : हो, धर्म भनेको धैर्य गर्नु हो । क्षमा दिनु हो । चोरी र घमन्ड नगर्नु हो । मन र शरीरलाई शुद्ध पार्नु पनि हो । सत्य बोल्नु, रिस नगर्नु, शान्ति र दयाका लागि आफूलाई तयार पार्नु नै सबै धर्मका साझा कुरा हुन् । यी गुणको पालना गरेर जीवन बिताउन सके राम्रो हुन्छ भन्ने सन्देश हाम्रा धर्म ग्रन्थहरूले दिएका छन् जस्तो मलाई लाग्यो ।

पेमा : मैले गुम्बामा सुनेको प्रवचनमा पनि यस्तै कुरा आएका थिए ।

हमिद : हो, मैले नमाज पढ्ने ठाउँमा पनि यस्तै कुरालाई व्यवहारमा उतार्न सिकाइन्छ ।

योगेन्द्र : त्यसो भए त सबै धर्मको सार एउटै जस्तो त रहेछ नि, होइन त असीम ?

असीम : हो, मनलाई सफा पारी हरेक व्यक्तिले असल र सबैको हित हुने काम गर्नुपर्छ । समाजमा शान्ति र सद्भाव कायम गरी मानव जीवनलाई सुखी र सन्तोषी बनाउनु नै सबै धर्मको सार हो ।

पेमा : बडो राम्रो कुरा गर्‍यौ । यो त हामी सबैले हाम्रा जीवन र व्यवहारमा उतारेर देखाउनुपर्छ ।

हमिद : जुन धर्म माने पनि आखिरमा मूल कुरा यही त हो नि ।

योगेन्द्र : हो, असीमले भनेका कुरालाई आचरण र व्यवहारमा उतार्ने हो भने संसार कति शान्त, सुखी र सुन्दर हुन्थ्यो होला ।

असीम : त्यसो भए यी सबै कुरा व्यवहारमा उतार्ने प्रतिज्ञा अहिले नै गरौँ न त । असल काममा किन ढिला गर्ने ?

पेमा : ल हुन्छ, गरौँ ।

हमिद : ल ल हुन्छ, सबैले गरौँ ।

योगेन्द्र : असल काममा सबैको एकता हुनु झन् राम्रो हो । एकता पनि धर्मको एउटा सार नै त हो नि । त्यसैले हामीले त एकअर्काको धर्म संस्कृतिमा पनि सहभागी भई मिलेर बस्नुमा नै कल्याण रहेछ । सबै धर्मको मूल्य र मान्यतालाई सम्मान गर्नुपर्ने रहेछ । यो कुरा कक्षामा अरू साथीसँग पनि गरौँ ।

(यत्तिकैमा खाजा खाने समय सकिएको घन्टी बज्यो । सबै जना आफ्नो कक्षातर्फ लागे ।)

Curriculum Development Centre

## सारांश




Curriculum Development Centre

## अभ्यास

१. आफ्नो मूल्याङ्कन आफैँ गर :

(क) मलाई धर्मको साझा सारका बारेमा जानकारी

(अ) छ ( ) (आ) छैन ( )

(ख) मलाई घरमा आउने अतिथिको सेवा गर्न मन

(अ) लाग्छ ( ) (आ) लाग्दैन ( )

(ग) म अरूको धर्म र संस्कृतिको सम्मान

(अ) गर्छु ( ) (आ) गर्दिनँ ( )

(घ) म घर, समुदाय र समाजमा हुने धार्मिक क्रियाकलापमा सहभागी

(अ) हुन्छु ( ) (आ) हुन्नँ ( )

(ङ) म धार्मिक मूल्य मान्यताले सिकाएका असल सारलाई व्यवहारमा

(अ) उतार्छु ( ) (आ) उतार्दिनँ ( )

२. ठिक बेठिक छुट्याऊ :

(क) मानिसको शारीरिक गतिविधि मात्र धर्म हो ।

(ख) धर्मका मूल्य मान्यता र हाम्रो आचरणबिच सम्बन्ध छ ।

(ग) जति धर्म छन्, तिनको सार पनि अनेक छ ।

(घ) सबै धर्मले राम्रो काम गर्ने सन्देश दिएका छन् ।

(ङ) धर्म मानिसले पालना गर्नुपर्ने नियम हो ।

३. तलका प्रश्नको छोटो उत्तर देऊ :

(क) माथिको पाठमा चार जना साथी कुन विषयमा कुराकानी गर्दै छन् ?

(ख) धर्मको सारभित्र पर्ने कुराहरू के के हुन् ? लेख ।

(ग) तिमीलाई आफूमा कुन कुरा नभए हुन्थ्यो भन्ने लाग्छ ? लेख ।

४. धर्म के गर्ने विषय हो ? कुनै एक विषयमा तर्क देऊ :

(अ) कुराकानी गर्ने

(आ) निबन्ध लेख्ने

(इ) व्यवहारमा उतार्ने

Curriculum Development Centre

५. यस पाठको सारांशलाई अनुच्छेदमा लेख ।

६. यी काम गर :

(क) कक्षामा विभिन्न धर्म मान्ने साथीहरू भए उनीहरूसँग असल बानी व्यवहारबारे छलफल गर । नभए तिम्रो घर, टोल र छिमेकमा बसोबास गर्ने विभिन्न धर्मावलम्बीसँग सोधी हामीले गर्नैपर्ने असल व्यवहारहरू टिपोट के के छन् गर र कक्षामा सुनाऊ ।

(ख) यो पाठ पढिसकेपछि तिमीले आफ्नो व्यवहारमा के के सुधार गर्नुपर्ने ठान्यौ ? टिपोट गर र आफ्नो साथीलाई बताऊ ।

(ग) कुनै धार्मिक तथा सांस्कृतिक कार्यक्रममा सहभागी हुँदा त्यसबाट सिक्न सकिने कुरा के हुन सक्छन् ? साथीहरूबिच छलफल गरी निष्कर्ष निकाल ।

७. तिम्रो परिवार, समुदाय तथा समाजमा मूल्य मान्यताका नाममा राम्रा र नराम्रा दुवै चलन हुन सक्छन् । त्यस्ता चलनहरू सोधखोज गरी लेख :

| जस्ताको तस्तै अनुसरण गर्नुपर्ने चलन | सुधार गरेर अनुसरण गर्नुपर्ने चलन | हटाउनुपर्ने चलन |
|---|---|---|
| | | |

८. नेपालमा कुन कुन धर्म मानिन्छ ? साथीहरूबिच छलफल गरी लेख र शिक्षकलाई देखाऊ ।

Curriculum Development Centre

## पाठ : ३

# सबै मिलौँ

अपेक्षित व्यवहार

- परिवार र समाजमा सन्तुलन एवम् समन्वय कायम राख्न
- व्यक्ति व्यक्तिबिच भेदभाव नगर्न
- सबैप्रति उदार र सहनशील व्यवहार देखाउन
- परिवार र समाजको हित हुने काम गर्न
- सभ्य समाजको निर्माणमा सहयोग गर्न
- समन्वयपूर्ण समाजका फाइदा भन्न र तदनुरूप आचरण देखाउन



निशा र विभाको घर रौतहट जिल्लाको एउटा गाउँमा पर्छ । उनीहरू असाध्यै मिल्ने साथी हुन् । उनीहरू सानैदेखि एउटै कक्षामा पढ्छन् । वार्षिक परीक्षामा उनीहरू कहिले पहिला र कहिले दोस्रा हुन्छन् । उनीहरूको पढाइ र मेलमिलाप देखेर सबैले प्रशंसा गर्छन् ।

आज बिदाको दिन परेको छ । उनीहरू विद्यालयको चौरमा निकै बेर खेले । उनीहरूलाई तिर्खा लाग्यो । उनीहरू निशाको घर आए । निशाकी आमाले उनीहरूलाई सर्वत खान दिनुभयो । उनीहरूले सर्वत मिठो हुनाको कारण आमालाई सोधे । आमाले पानी, गुलियो आदि मिलाएपछि सर्वत मिठो हुने कुरा बताउनुभयो । आमाले सबै क्षेत्रमा सन्तुलन मिलाउनुपर्ने आवश्यकता देखाउनका लागि मात्र सर्वतको उदाहरण दिनुभएको थियो ।

---

शिक्षण सुझाव

- मानिसलाई परिवार र समाजबाट भिन्न बनाउने कारक तत्वहरू बताई तिनको निराकरणका लागि अपनाउनुपर्ने उपायहरूको सूची बनाउन लगाउनुहोस् ।
- सन्तुलित र समन्वयपूर्ण समाजका फाइदाहरूबारे कक्षामा छलफल गराउनुहोस् ।

Curriculum Development Centre

उहाँले हामी बस्ने घर, परिवार र समुदायमा पनि सन्तुलनको आवश्यकता देखाउनुभयो । आमाले भने जस्तै हाम्रो घर परिवारदेखि विश्वसम्म सबै कुराको सन्तुलन र समन्वय आवश्यक छ । सबै धर्म, संस्कृति, विचार, जाति, वर्ग, लिङ्ग र व्यवसायको समन्वयबाट समुदायदेखि राष्ट्र हुँदै विश्वसमेत राम्रो हुन्छ । विश्व राम्रो भए हामी सबै मानिसको हित हुन्छ । हामीलाई घर परिवारमा बस्न र व्यवहार गर्न परिवार तथा समाज पनि सन्तुलित चाहिन्छ । सबैको समन्वयले हाम्रो समुदाय सुन्दर र सुमधुर हुन्छ । सद्भाव, मेल, सहयोग र एकताको समन्वय भएको घर, परिवार र समाजले हामीलाई शान्त र आनन्दित बनाउँछन् । समुदायमा कुनै कुराका बिच समन्वय भएन भने त्यहाँ शान्ति र आनन्द दुवै हराउँछन् । सबै सामाजिक तत्त्वको समन्वयले समाज सभ्य र बस्न लायक हुन्छ । हामीले परोपकार, दया, उदारता, सहनशीलता जस्ता राम्रा मानवीय गुणहरूको विकास गऱ्यौँ, समाजलाई प्रभाव पार्ने सबै तत्त्वको समन्वय गर्न सक्यौँ भने हाम्रै परिवार, समाज र राष्ट्र स्वर्ग सरि हुन्छन् । त्यसपछि पाइने सुख र शान्तिको तुलना नै गर्न सकिँदैन ।

आमाको कुराबाट निशा र विभा अत्यन्त प्रभावित भए । उनीहरूले सबै मानिसले राम्रो सोच्दा, राम्रो बोल्दा र राम्रो गर्दा सबैतिर सन्तुलन कायम हुने रहेछ भन्ने कुरा बुझे । आफ्नो जस्तै अरूको पनि हित होस् भनेर काम गर्दा जीवनमा सन्तुलन ल्याउन सकिने रहेछ भन्ने उनीहरूलाई लाग्यो । शरीर स्वस्थ राख्न हामी खानेकुराको सन्तुलन चाहन्छौँ । व्यक्तिगत जीवन र समाजलाई सन्तुलित राख्न पनि केही तत्त्वको आवश्यकता पर्दछ । सद्भाव, मेलमिलाप, शान्ति, परोपकार, दया, उदारता, धैर्य, सहयोग जस्ता तत्त्वले नै व्यक्ति र समाजलाई सन्तुलित बनाइराख्छ । निशा र विभाले आज यही कुरा सिके । आफूले सिकेका कुरा उनीहरूलाई राम्रो लाग्यो । उनीहरूलाई यो कुरा विद्यालयका साथीहरूलाई पनि भन्न मन लाग्यो । आमाले पनि राम्रा कुरा सुनाउन र असल काम गर्न ढिला नगर्नू भन्ने सल्लाह दिनुभयो ।

**सारांश**

सभ्य र सुखी परिवार एवम् समाजका लागि सद्भाव, मेल, शान्ति, परोपकार, दया, उदारता जस्ता केही आधारभूत तत्त्वको आवश्यकता पर्दछ । त्यस्ता तत्त्वको सन्तुलन र समन्वयबाट परिवार र समाजको हित एवम् उन्नति हुन्छ । प्रत्येक मानिस र समाज एकअर्कासँग भिन्न भिन्न छन् । भिन्नताको मात्रा बढ्दा व्यक्ति र समाजमा दुःख तथा अशान्ति पनि बढ्छ । भिन्नताको मात्रा र दुरीलाई घटाएर तिनका बिच समन्वय स्थापित गर्दा व्यक्ति, परिवार र समाज स्वच्छ एवम् सभ्य हुन्छन् । एउटा मानिसले अर्को मानिसलाई मानवीय व्यवहार गर्दा समाजको विकास हुन्छ । यसबाट राष्ट्र र विश्वलाई समेत परिवर्तन गर्न सहयोग पुग्छ ।

Curriculum Development Centre

## अभ्यास

१. आफ्नो मूल्याङ्कन आफैँ गर :

(क) म समाजका सबै मानिसलाई

(अ) भेदभाव गर्छु ( ) (आ) समान व्यवहार गर्छु ( )

(ख) म समाजका सबै धर्म संस्कृति र जातजातिका मूल्य मान्यताको

(अ) सम्मान गर्छु ( ) (आ) हेला गर्छु ( )

(ग) म समाजमा परिवर्तन ल्याउने काम गर्न

(अ) मन पराउँछु ( ) (आ) मन पराउँदिन ( )

(घ) म सबै मानिसलाई समान मूल्य मान्यता भएका सहयात्रीका रूपमा व्यवहार

(अ) गर्छु ( ) (आ) गर्दिनँ ( )

(ङ) म राम्रो कुराको अनुसरण गर्छु र अरूलाई पनि यसका लागि प्रोत्साहित

(अ) गर्छु ( ) (आ) गर्दिनँ ( )

२. निम्न लिखित प्रश्नहरूको उत्तर देऊ :

(क) सबै मानिसको हित कसरी हुन्छ ?

(ख) निशा र विभाले बुझेको कुरा के हो ?

(ग) कस्तो घर परिवारमा आनन्द पाइन्छ ?

३. 'सामाजिक समन्वय' शीर्षकमा दस वाक्यको एक अनुच्छेद लेख ।

४. यी काम गर :

(क) कक्षाका साथीहरू दुई समूह बनेर बस । एउटा समूहले व्यक्ति र समाजमा भिन्नता ल्याउने तत्वहरूको सूची बनाऊ । अर्को समूहले तिनीहरूलाई समाजमा सन्तुलन गर्न अपनाउनुपर्ने उपायहरू बुँदागत रूपमा लेख ।

(ख) तिम्रो समाजमा सन्तुलन कायम गर्न प्रयास गर्ने कुनै मानिस छन् कि ? त्यस्ता मानिसको खोजी गरी उनले गरेका कामहरूको विवरण तयार पार र कक्षामा प्रस्तुत गर ।

(ग) तलको घटना अध्ययन गर र आफ्नो समाजसँग मिल्ने कुराहरू के के हुन् ? टिपोट गर :

सुधा सधैँ स्कुल आउँछिन् । उनी गृह कार्य पनि राम्ररी गर्छिन् । उनी अनुशासित छिन् । उनको घरमा पनि शान्त वातावरण छ । टोल छिमेकका मानिस सारै मिलेर बसेका छन् । त्यहाँ विभिन्न धर्म, जात, वर्ग र विभिन्न अवस्थाका मानिस भए पनि सबैले सबैको सम्मान गर्छन् । एकअर्कामा सहयोग गर्छन् । सानोठुलो भन्ने भेदभाव छैन । सुधाको गाउँलाई पल्ला गाउँलेहरू मौरीको घार जस्तो मिलेको भनेर कुरा गर्छन् । उनीहरूको गाउँमा जान सबै उत्सुक हुन्छन् ।

Curriculum Development Centre

# एकाइ २

# मानवीय मूल्य मान्यता









Curriculum Development Centre

सिकाइ उपलब्धि

- सामाजिक मानवीय मूल्यहरू पहिचान गरी व्यवहारमा उतार्न
- पेसागत मानवीय मूल्यहरू पहिचान गरी पेसाप्रति सकारात्मक सोचको विकास गर्न

# पाठ : १ सहयोगी भावना

अपेक्षित व्यवहार

- सामाजिक कार्यमा अभिरुचि राख्न र सामाजिक काममा सहभागी हुने बानी बसाल्न
- वातावरण संरक्षणमा सचेत र सक्रिय रहन
- आपसमा सहयोग गर्ने बानीको विकास गर्न

विद्यालयमा जाडो बिदा सुरु हुन एक दुई दिन बाँकी थियो । शिक्षकले बिदामा दुई दिनका लागि चितवनको सौराहा जाने कुरा गर्नुभयो । उहाँले यस विषयमा अभिभावकसँग सल्लाह गरेर तयार हुन पनि भन्नुभयो । कक्षाका सबै साथी उत्साहित भए । शिक्षकसँग घुम्न जान पाइने भयो भनेर म पनि खुसी भएँ । घरमा हजुरबुबाले आफू घरबाट महिनौँसम्म टाढा टाढा गएको कुरा सुनाउनुहुन्थ्यो । ती कुराले मलाई नदेखेको र नगएको ठाउँमा पुग्न हौसला मिल्थ्यो । चितवनको सौराहाका विषयमा मैले अलि अलि सुनेको थिएँ । प्रत्यक्ष घुम्न पाइने कुराले म झनै उत्साहित भएँ ।

कक्षा सातका तिस जना साथी घुम्न जानका लागि तयार भएर विद्यालयको प्राङ्गणमा जम्मा भयौँ । शिक्षकले बसको व्यवस्था गर्नुभएको थियो । हामी सबैले एउटा एउटा झोला बोकेका थियौँ । हाम्रा लागि नबिग्रने खानेकुरा र खाजा पनि तयार पारिएको रहेछ । हामी सबैले मिलेर तिनलाई बसभित्र राख्यौँ । प्राथमिक उपचारका लागि औषधीको पनि व्यवस्था गरिएको रहेछ । शिक्षकको सुझबुझ देखेर म ढुक्क भएँ ।

बिहान आठ बजेतिर हामी सौराहाका लागि हिँड्यौँ । बाटाको दुवैतिर हरियो जङ्गल देखिन्थ्यो । रुख रोपेर हाम्रो गाउँघरलाई पनि यस्तै बनाउन पाए कति राम्रो हुन्थ्यो भन्ने लाग्यो । बाटामा ठाउँ ठाउँमा सङ्लो पानी भएका खोला पनि भेटिए । सुरक्षा गर्ने र फोहोर नगर्ने हो भने हाम्रा गाउँको कमेरे खोलो पनि यस्तै हुँदो हो जस्तो लाग्यो । हाम्रो बस एकछिन रोकियो । शिक्षकले हामीलाई खाजा खान दिनुभयो । छेउको खोलातिर डुलाउन पनि लैजानुभयो । खोलामा विभिन्न थरी माछा थिए । सङ्लो पानीमा ओहोरदोहोर गरिरहेका माछाको दृश्य निकै राम्रो थियो । हरियो जङ्गलका बिचबाट बगेर आएको सफा खोलामा थरी थरी माछा देख्दा त्यहीँ बसिरहुँ जस्तो भयो ।

---

शिक्षण सुझाव

- विद्यालय र विद्यार्थीको पहुँचभित्रको स्थानीय स्तरको कुनै महत्त्वपूर्ण स्थानको भ्रमण गराई विद्यार्थीहरूलाई त्यहाँबाट सिकेका सामाजिक मूल्य मान्यता भन्न लगाउनुहोस् ।
- कक्षामा विभिन्न परिवेश, अवस्था र पृष्ठभूमिका विद्यार्थी हुन सक्छन् । तिनीहरूका समाज र समुदायमा के कस्ता मूल्य मान्यता छन् ? सूची बनाउन लगाई कक्षामा छलफल गराउनुहोस् ।



Curriculum Development Centre

खाजा खाएर हिँडेको झन्डै दुई घण्टापछि हाम्रो बस फेरि रोकियो । खाना खाने बेला भएको रहेछ । शिक्षकले बस एक घण्टा रोकिने जानकारी दिनुभयो । एकातिर पहाड र अर्कातिर मधेस सुरु भएको यो ठाउँ पनि निकै राम्रो रहेछ । हामीले खाना खायौँ र एकछिन आराम गऱ्यौँ । त्यहाँ भोलिपल्ट हुने सामाजिक र सांस्कृतिक कार्यका लागि स्वयम् सेवकहरूले मन्दिर र बाटाको सरसफाइ गरिरहेको कुरा देख्यौँ । हामीले पनि बस नहिँडुन्जेल शिक्षकसँगै स्वयम् सेवकलाई सघायौँ । स्थानीय बासिन्दाले यात्रामा हिँडेका केटाकेटीले पनि समयको सदुपयोग गर्दै सहयोग गरेको भनेर हामीलाई धन्यवाद दिए ।



हाम्रो बस अपराह्न चार बजेतिर सौराहा नजिकैको अतिथि सदनमा पुगेर रोकियो । हामीलाई बस्ने व्यवस्था त्यहीँ गरिएको रहेछ । हामीले बेलुकाको खाना खायौँ । एकछिन दिउँसोको यात्रा एवम् गतिविधिबारे कुराकानी गऱ्यौँ र भोलि सौराहा घुम्ने योजना बनाउँदै सुत्यौँ ।

भोलिपल्ट शिक्षककै सल्लाह र नेतृत्वमा हामी सौराहाको प्रवेशद्वारमा पुग्यौँ । त्यहाँ विभिन्न पेसा, व्यवसाय, उमेर, अवस्था, रुचि र खानपान भएका मानिस थिए । विदेशी पर्यटक पनि प्रशस्त थिए । उनीहरूले लगाउने पोसाक पनि अनेक थरी थियो । सबै प्रकारका मानिसलाई आकर्षित गर्न सक्ने सौराहा मलाई साँच्चै राम्रो लाग्यो । हामी पालैपालो विभिन्न ठाउँमा घुम्न थाल्यौँ ।

पर्यटकीय नगरी सौराहा वरिपरि ठुलो जङ्गलले घेरिएको रहेछ । त्यहाँ धेरै थरीका बोट बिरुवा र अनेक जातका चराहरू पाइँदा रहेछन् । हामी त्यहाँ पुग्दा थरी थरीका चराचुरुङ्गीको आवाजले वातावरण रमाइलो बनेको थियो । कोही मानिस हात्तीमा चढेर जङ्गल घुमिरहेका थिए । अलि पर गैँडा थियो । खाली चौरमा मृगको बथान चरिरहेको थियो । वन जङ्गल, बोट, वनस्पति र



Curriculum Development Centre

जनावरको जमघटले सौराहाको वातावरण निकै राम्रो देखिन्थ्यो । सबैले प्रयास गर्ने हो भने हाम्रा गाउँघर पनि यस्तै स्वच्छ र शान्त बनाउन सकिने कुरा शिक्षकले गर्नुभयो । ठाउँ ठाउँका साना खोला र दहले वनलाई अझ रसिलो बनाएका थिए ।

दिनभरि घुमेर अपराह्नतिर हामी आफ्नो बासस्थानतिर फर्क्यौँ । बाटामा खेतका ठुला फाँट देखिए । त्यहाँ मानिसहरू धान भित्र्याउँदै थिए । सबैलाई आआफ्नो काम तोकिएको थियो । कोही धानका मुठा ल्याउँथे र कोही त्यसलाई झारिरहेका थिए । अर्काथरी मानिस धान बोरामा हाल्दै थिए । अर्को समूह त्यसलाई बोकेर घरतिर लगिरहेको थियो । एकथरी मानिस परालको भारी बनाउँथे र कोही चाहिँ बोकेर लग्दै थिए । सबैले आआफ्नो कामलाई समान महत्त्व दिएको देखिन्थ्यो । खाजा खाने र धान भित्र्याउने काम आलोपालो गरेर भइरहेको थियो ।

हामीलाई तिर्खा लागिरहेको थियो । नजिकै खानेपानी भएको ठाउँ हामीलाई थाहा थिएन । हाम्रा शिक्षकले धान बोरामा हाल्दै गरेका एक जना मानिसलाई यसबारे सोध्नुभयो । उनले केही पर गएर एकछिनपछि एक गाग्री खानेपानी ल्याइदिए । त्यो बेलासम्म हामी सबैले धान बोरामा हालिदियौँ र उनको कामलाई सघायौँ । पानी खाइसकेपछि हामी सबैले उनलाई धन्यवाद दियौँ । उनले पनि हामीलाई राम्रा केटाकेटी भनेर धेरै धन्यवाद दिए । शिक्षकले यस्तै पारस्परिक सहयोगले कुनै पनि काम पुरा हुने कुरा गर्नुभयो ।

अर्को दिन हामी बाटाका सुन्दर दृश्यहरू हेर्दै घर फर्क्यौँ । आजभोलि मलाई पढ्नाका साथसाथै राम्रा ठाउँ घुमेर विभिन्न मानिसलाई भेटेर पनि ज्ञान पाइँदो रहेछ भन्ने लागेको छ । मानवीय मूल्य समाजमा किनेर होइन, आफैँले सिर्जना गरेर बढाउन सकिन्छ भन्ने विश्वास बढ्दै गएको छ ।

**सारांश**

कुनै पनि काम गर्दा विश्वासपूर्वक गरिन्छ । सत्यको पक्ष लिइन्छ । परस्पर स्नेह र सद्भाव राखिन्छ । एक अर्काको हेरविचार गरिन्छ । सबैलाई अवसर, सेवा र सुविधा दिइन्छ । शान्तिपूर्ण रूपमा काम गरिन्छ । आआफ्नो जिम्मेवारी महत्त्वका साथ वहन गरिन्छ । न्यायपूर्ण तरिकाले सामाजिक व्यवहार गरिन्छ । सामाजिक मूल्य भनेकै सामाजिक व्यवहारहरू हुन् । यस्ता व्यवहारको विकास गर्न हामीलाई यस पाठले सन्देश दिएको छ ।

Curriculum Development Centre

## अभ्यास

१. आफ्नो मूल्याङ्कन आफैँ गर :

(क) सामाजिक काममा मेरो अभिरुचि

(अ) छ ( ) (आ) छैन ( )

(ख) सामाजिक काममा म सक्रिय सहभागी

(अ) हुन्छु ( ) (आ) हुन्नँ ( )

(ग) म सबै मानिस र प्राणीप्रति सद्भाव

(अ) राख्छु ( ) (आ) राख्दिनँ ( )

(घ) मैले वातावरण संरक्षणमा ध्यान दिएको

(अ) छु ( ) (आ) छैन ( )

(ङ) म एकआपसमा सहयोगको आदान प्रदान

(अ) गर्छु ( ) (आ) गर्दिनँ ( )

२. तलका प्रश्नको उत्तर लेख :

(क) के गर्दा खोलामा सङ्लो पानी बग्छ ?

(ख) यस पाठबाट तिमीले केकस्ता सामाजिक मानवीय मूल्य सिक्यौ ?

(ग) गाउँ घरलाई स्वस्थ र शान्त पार्न के गर्नुपर्ने रहेछ ?

(घ) धान भित्र्याउने काम कसरी हुँदै थियो ?

(ङ) मानवीय मूल्य कसरी बढाउन सकिन्छ ?

३. यी काम गर :

(क) तिम्रो समाजमा के कस्ता सामाजिक मूल्य मान्यता छन् ? उल्लेख गर ।

(ख) तिमीलाई सहभागी हुन मन लाग्ने पाँच ओटा सामाजिक काम लेख ।

(ग) तल दिइएका कामहरूको सूची पढ र सामाजिक मूल्य बढाउने कामलाई एउटा सूचीमा र घटाउने कामलाई अर्को सूचीमा लेख :

श्रमदान गर्नु, झैँझगडा गर्नु, सद्भावको प्रदर्शन गर्नु, घमन्ड गर्नु, वृक्षरोपण, धारामा फोहोर गर्नु, पुल बनाउनु, कुलो लडाउनु, आलोपालो काम गर्नु, आफू मात्र फाइदा लिनु, बाटो ओगट्नु, समयको सदुपयोग गर्नु, बहिरा व्यक्तिसँग साङ्केतिक भाषामा कुरा गर्नु

| सामाजिक मूल्य बढाउने काम | सामाजिक मूल्य घटाउने काम |
|---|---|
| .............................. | .................................... |

(घ) तिम्रो विद्यालयमा के कस्ता क्रियाकलापबाट सामाजिक मूल्य बढाउन सकिन्छ ? साथी साथी, शिक्षक विद्यार्थीले छलफल गरी विवरण तयार पार र कक्षा कोठामा टाँस ।

Curriculum Development Centre

## पाठ : २ काम थरी थरीका

**अपेक्षित व्यवहार**

- श्रम गर्ने बानी बसाल्न
- श्रमको सम्मान गर्न
- पेसा, व्यवसायमा दक्षता र इमानदारी प्रस्तुत गर्न
- स्थानीय र मौलिक पेसा, व्यवसायको संरक्षणमा लाग्न




**शिक्षण सुझाव**

- विद्यार्थीहरूलाई उनीहरूका परिवार र समाजमा के कस्ता व्यवसाय गर्ने मानिस छन् भनी सोध्नुहोस् । समाजका अरू मानिसहरूले विभिन्न व्यवसायमा लागेका ती मानिसहरूसँग कस्तो व्यवहार गर्दै आएका छन् भन्नेबारे आपसमा छलफल गराउनुहोस् ।
- विद्यार्थीहरूले कुन कुन पेसा तथा व्यवसायका मानिसको सहयोग लिइरहेका छन् ? भन्न लगाई भविष्यमा सहयोग लिनुपर्ने व्यवसायका बारेमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।
- आफ्ना अभिभावक कुन कुन पेसामा छन् भनी विद्यार्थीहरूलाई भन्न लगाउनुहोस् र सबैभन्दा बढी अभिभावक कुन पेसामा देखा परे ? त्यसको कारणबारे आपसमा छलफल पनि गराउनुहोस् ।



Curriculum Development Centre

आज बिहान पाँच बजे निद्रा खुल्यो । बाटामा मानिसहरू हिँडेको आवाज आइरहेको थियो । आमालाई सोद्धा बालाचतुर्दशी भएकाले मानिसको चहलपहल भएको थाहा भयो । हिजो शनिबार विद्यालयमा बिदा भएकाले दिनभरि बारीमा काम गरियो । सबैसँग मिलेर काम गर्दा रमाइलो हुँदो रहेछ । सकेको काम गर्दा आनन्द पनि हुँदो रहेछ । सकेको काम आफैँ गर्नुपर्छ भनेर ठुला मानिसले भनेको कुरा ठिकै रहेछ । पहिले पहिले मलाई पढेलेखेका मानिसले खेतबारीको काम गर्नुहुँदैन भन्ने विचार आउँथ्यो । मेरो विचार पूर्णरूपमा गलत रहेछ । फुर्सदमा खेतबारीमा काम गर्दा समयको सदुपयोग हुने रहेछ । घर परिवारलाई काममा सहयोग हुने रहेछ । परिश्रम गर्ने बानीको विकास हुने रहेछ । पढ्नाले मानसिक र काम गर्नाले शारीरिक विकास हुँदो रहेछ । काममा सिप र इमानदारी प्रमुख कुरा रहेछन् ।

पल्लाघरे झङ्कलाल दाइ धेरै परिश्रम गर्नुहुन्छ । बिहानभरि घाँस काट्नुहुन्छ, गाई दुहुनुहन्छ, गोबर सोहोर्नुहुन्छ । दिउँसो गाईबाखा चराउन पनि लैजानुहुन्छ । बेलुका पनि उत्तिकै खट्नुहुन्छ । अस्ति उहाँले गाईलाई घाँस हाल्न भनेर छोरालाई अराउनुभयो । छोराले गोबर गनाउँछ र शरीरमा लाग्छ भनेर उहाँको कुरा मान्दै मानेन । ऊ यस्तो फोहोरी काम किन गरेको भनेर दाइलाई सोधिरहन्छ । त्यो काम नगरे खेतीपाती कसरी गर्ने ? दुध नभए के खाने ? मल नभए अन्न उत्पादन कसरी गर्ने ? अन्न नभए हामी कसरी बाँच्ने ? मलाई त झङ्कलाल दाइको श्रम, लगनशीलता र क्षमता देखेर यही काम परिस्कृत रूपमा सिप, दक्षता र इमानदारीका साथ गरौँ कि जस्तो लाग्छ ।









Curriculum Development Centre

बिहान गैराघरे बाबुलाल दाइ आउनुभयो । पोहोर साल हाम्रो घर उहाँले नै बनाइदिनुभएको हो । उहाँले जानेको र गरेको काम हामी गर्न सक्दैनौँ । प्रत्येक मानिसको सिप र दक्षताको आदान प्रदानले नै हाम्रो समाज चलेको रहेछ । सबै मानिसले एउटै मात्र काम गर्ने हो भने हामी समाजमा बस्नै सक्दैनौँ । वास्तवमा सबैको भिन्नाभिन्नै सिप र दक्षताले नै समाजका मानिसलाई लाभ पुगेको रहेछ ।

दिउँसो विद्यालय पोसाक लिन थपिनी दिदीको पसलमा गएँ । दिदीले कति राम्रो पोसाक सिलाइदिनुभएछ । उहाँको पसलमा थुप्रै मानिस कपडा सिलाउन आउँछन् । थपिनी दिदीको कामलाई सबैले सम्मान गर्छन् । आफ्नो कामले उहाँको पनि सम्मान भएको छ । उहाँको पसलमा उद्योगबाट सोभै कपडा पनि आउँछन् । त्यसलाई कामदारहरूले मिलाएर गोदाममा राख्छन् । आवश्यकताअनुसार थपिनी दिदी विभिन्न प्रकारका कपडा तयार पार्नुहुन्छ । यसरी हाम्रो समाजमा उद्योग, श्रमिक, सुचीकार र ग्राहकको बिचमा अभिन्न सम्बन्ध छ । हाम्रो समाजका विभिन्न पेसा र व्यवसायले हामीलाई परस्पर सहयोग गरेका छन् । यी सबै कामप्रति हामीले सम्मान र सहयोग गर्नुपर्ने रहेछ ।

बेलुकी पख बुबालाई भेट्न रातडाँडाका सन्तमान दाइ आउनुभयो । उहाँ डोको बुन्ने काम गर्नुहुन्छ । गाउँले जीवनका लागि डोको आवश्यक वस्तु हो । सामान बोक्नका लागि यसले निकै मद्दत गर्छ । डोको नभए भारी बोकेर जीविका गर्ने मानिसलाई कठिन हुन्छ । त्यतिमात्र होइन, दुर्गम ठाउँमा बिरामीलाई अस्पताल लैजानुपर्‍यो भने डोकामै बोकेर लगिन्छ । कतिपय मानिसले डोको बुन्ने काममा ध्यान नै दिएका हुँदैनन् । तर यसको महत्त्व कसले बुझ्ने ?

दिलमाया दिदीको घरमा राडी र गलैँचा बुन्ने काम हुन्छ । टाढादेखि मानिसहरू यी चिज किन्न उहाँकहाँ आउँछन् । दिलमाया दिदीका घरका राडी, गलैँचा सबैले प्रशंसा गर्छन् । परिश्रम गरेर राम्ररी बुन्ने र उचित भाउमा बिक्री गर्ने भएकाले यी सामानले सबैको मन जितेका छन् । दिलमाया दिदीले कमाउने मात्र उद्देश्य नराखी सेवा भावनाले पनि काम गर्नुहुन्छ । उहाँलाई पनि सबैले सम्मान गर्छन् । सबैले मन पराउँछन् । गाउँ घरका यस्ता कामलाई ध्यान दिएर विकास गर्न सके समाजका सबै वर्गको हित हुने थियो । हाम्रा स्थानीय सिप र जाँगरबाट उत्पादित वस्तुको बजार बनाउन सके हामी सबै सम्पन्न हुने थियौँ ।

सुत्ने बेला हुन लागिसक्यो । मेरा मनमा विभिन्न मानिसको सम्झना आइरहेको छ । दुई महिना पहिले हामी सबै गाउँले मिलेर सुनकोसीको किनारमा वनभोजका लागि गएका थियौँ । हामी बस रिजर्भ गरेर त्यहाँ गएका थियौँ । हामी सबै जना ठिक समयमा त्यहाँ पुग्यौँ । चालकले गाडी राम्ररी चलाएको हुनाले हामी त्यहाँ पुग्यौँ । चालकको जिम्मेवारी गहन हुने रहेछ । धेरै मानिसको जीवन रक्षासँग गाँसिएको सवारी चलाउने काम पनि कम होइन भन्ने मलाई लागेको छ । मानिसलाई भनेको ठाउँमा सुरक्षित र सुविधाजनक रूपमा पुर्‍याइदिने चालकको पेसा पनि उत्तिकै महत्त्वपूर्ण रहेछ ।

Curriculum Development Centre

सुनकोसीमा एक जना मानिस डुङ्गाद्वारा बटुवाहरूलाई नदी तार्दै थिए । बटुवाहरूलाई विश्वासमा लिएर त्यति सानो डुङ्गामा ठुलो नदी पार गराउनु चानचुने कुरा थिएन । पैसा र इच्छा भएर मात्र सबै काम पुरा हुँदैनन् भन्ने शिक्षा मलाई प्राप्त भएको छ । त्यो देखेर हिजोआज म प्रत्येक मानिस एउटा न एउटा सिप र क्षमताले पूर्ण हुन्छ भन्ने निष्कर्षमा पुगेको छु । त्यसका लागि ऊ सम्मान गर्न लायक छ भन्ने मेरो ठहर छ ।

कुनै पनि काम आफैँमा सानो वा ठुलो हुने होइन । फोहोरको व्यवस्थापन गर्नेदेखि चन्द्रमामा पुग्नेसम्म सबै काम आआफ्ना ठाउँमा मूल्यवान् छन् । कोही मूर्ति बनाएर मानिसलाई आकर्षित गरिरहेका हुन्छन् । कसैले हिमाल आरोहण गरेर विश्वमा नाम कमाएका छन् । कसैले जागिरमा इमानदारी देखाएर इज्जत कमाएका छन् । घर परिवार र समाज तथा समुदायको अवस्था र परिवेश तथा आफ्नो रुचि र इच्छाअनुसार मानिसले विभिन्न पेसा अँगाल्न सक्छन् । पेसा आफैँमा सानो तथा ठुलो हुँदैन । व्यवहार, आचरण र लगनशीलताबाट पेसा सानो ठुलो हुन्छ । मानिस आफ्नै कर्मले सानो वा ठुलो हुने हो । समाज सबै किसिमका पेसा र व्यवसायको माध्यमबाट सञ्चालित हुन्छ । म पनि त पढाइ तथा लेखाइ गरेर यति लेख्न सक्ने भएको हुँ नि ! समाजलाई गतिशील बनाइराख्न मेरो पनि आवश्यकता छ । हामी जे गर्छौं त्यसलाई ठिकसँग गरौँ । आफूले गरेको सही काममा गर्व र अरूले गरेको सही कामको सम्मान गर्न सिकौँ । यसबाट हामीलाई सन्तुष्टि मिल्छ । समाजमा शान्ति र सद्भावको अवस्था सिर्जना हुन्छ ।

**सारांश**

मानव समाज विविधताको समष्टि रूप हो । यहाँ विभिन्न विचार, व्यवहार शारीरिक अवस्था र पेसा तथा व्यवसाय हुन्छन् । पेसा, व्यवसायको विविधताले नै मानिसका आवश्यकता पुरा हुन सक्छन् । जुनसुकै पेसा व्यवसाय गरे पनि दक्षता, इमानदारी र उत्तरदायित्वले मानिस सम्मानको पात्र बन्छ । कुनै पेसा लिएकै भरमा उसको सम्मान वा उपेक्षा हुने होइन । स्थानीय पेसा तथा व्यवसायलाई सम्मान र प्रोत्साहन गर्न सके समाजमा सबैको भलो हुन्छ । परम्परागत पेसालाई संरक्षण गरे राष्ट्रको हित हुन्छ । पेसागत मानवीय मूल्यको सुरक्षा गर्ने यो एउटा मूल आधार पनि हो ।

Curriculum Development Centre

## अभ्यास

१. आफ्नो मूल्याङ्कन आफैँ गर :

(क) म फुर्सदको समयमा खेतबारीको काम

(अ) गर्छु ( ) (आ) गर्दिनँ ( )

(ख) म अभिभावकले लाए अराएको काम गर्न तत्पर

(अ) हुन्छु ( ) (आ) हुन्नँ ( )

(ग) मलाई श्रम गर्ने मानिसलाई सम्मान गर्न मन

(अ) लाग्छ ( ) (आ) लाग्दैन ( )

(घ) म स्थानीय पेसा तथा व्यवसायको सम्मान र संरक्षणमा

(अ) लाग्छु ( ) (आ) लाग्दिनँ ( )

२. छोटो उत्तर लेख :

(क) खेतबारीका काम गर्दा किन इज्जत जाँदैन ?

(ख) व्यक्तिगत तथा सामाजिक जीवनमा पेसागत मानवीय मूल्यको कस्तो महत्त्व छ ?

(ग) पेसाको सम्मान पाउन के कस्ता कुरामा ध्यान पुऱ्याउनुपर्छ ?

३. उदाहरण हेरी खाली ठाउँमा कारण लेख :

जस्तै : म सबैसँग मिलेर काम गर्छु, किनभने यसो गर्दा रमाइलो हुन्छ ।

(क) म फुर्सदमा खेतबारीमा काम गर्छु, किनभने ....................।

(ख) दिलमायाको कमाउने मात्र उद्देश्य छैन, किनभने ...............।

(ग) स्थानीय वस्तुको बजार आवश्यक छ, किनभने................।

(घ) समाजमा सबै थरी पेसा तथा व्यवसायको आवश्यकता छ, किनभने ..........।

४. यी काम गर :

(क) तिम्रो टोल/छिमेक वा समुदायमा सञ्चालित स्थानीय स्तरका मौलिक पेसा के के छन् ? त्यस्तो पेसा गर्ने व्यक्तिप्रति समाजको व्यवहार कस्तो छ ? सोधखोज गरी एउटा विवरण तयार पार ।

(ख) आफ्नो पेसा तथा व्यवसायबाट सम्मान पाउन चाहने मानिसले गर्नुपर्ने र गर्न नहुने कामको सूची बनाई कक्षामा प्रस्तुत गर ।

(ग) तिम्रा अभिभावकले पनि कुनै न कुनै पेसा तथा व्यवसाय गर्नुभएकै होला । उहाँको कामलाई तिमीले कसरी सहयोग पुऱ्याएका छौ ? बुँदा तयार पारी साथीहरूसँग छलफल गर ।



Curriculum Development Centre

# पाठ : ३ इमानदारी

अपेक्षित व्यवहार

– आफ्नो पेसा तथा व्यवसायमा इमानदारी देखाउन
– सम्मानित र प्रशंसित व्यक्तित्वको निर्माण गर्न
– समाजमा नैतिक चरित्रको उदाहरण प्रस्तुत गर्न
– आफ्नो कर्तव्य पालनामा तत्पर रहन

नयनपुरका बासिन्दा हिओआज ज्यादै खुसी छन् । आफ्नो समुदायका कीर्तिमणिले राम्रो काम गरेर सबैतिरबाट सम्मान तथा स्याबासी पाएकाले उनीहरू खुसी भएका हुन् । कीर्तिमणिले विभिन्न पदमा बसेर लामो समयसम्म देशको सेवा गरे । उनले जे जति गरे, सबै राम्रो मात्र गरे । उनका कामको मूल्याङ्कन गरेर सरकारले उनलाई थुप्रै सम्मान र पुरस्कार दिएको छ । विभिन्न सङ्घ संस्थाले पनि उनको सम्मान गरेका छन् । अहिले उनी आफ्नै घर नयनपुर फर्केका छन् । त्यहाँ उनको भव्य सम्मान गरिएको छ । सम्मान ग्रहण गरिसकेपछि कीर्तिमणिलाई स्थानीय बासिन्दाले विभिन्न प्रश्न सोधेका छन् । तिनको उत्तर कीर्तिमणि यसरी दिन्छन् :

सुनील : तपाईंले इमानदार हुने प्रेरणा कसरी पाउनुभयो ?

कीर्तिमणि : म सानैदेखि नैतिक कथाहरू पढ्थेँ । अभिभावकहरूले भनेको मान्थेँ । इमानदार मानिससँग सङ्गत गर्थें । इमानदार भए असल मान्छे बनिन्छ भन्ने उनीहरूका कुरा सुन्थेँ । त्यसैबाट इमानदार बन्ने प्रेरणा प्राप्त भएको हो ।

वैजयन्ती : तपाईंलाई इमानदार बन्न परिवारले पनि सहयोग गरेको हो ?

कीर्तिमणि : अवश्य हो । मेरा अभिभावक पनि इमानदारीलाई धेरै महत्त्व दिनुहुन्थ्यो । बेइमानी गरेर, अरूलाई दुःख दिएर कमाएको धन क्षणिक हुन्छ, केही समयपछि सबै सकिन्छ भन्ने उहाँहरूको धारणा थियो । त्यसले मलाई इमानदार बन्न ठुलो सहयोग गऱ्यो ।

अनिशा : हाम्रा अभिभावक इमानदार हुनुभयो भने हामी कसरी इमानदार हुन्छौँ त ?

कीर्तिमणि : हेर नानी, केटाकेटीलाई घर, परिवार, अभिभावक र समुदायको ठुलो प्रभाव पर्छ । तिमीहरू पढ्ने गरेको ठाउँ मात्र विद्यालय होइन, घर, परिवार र समुदाय पनि

---

शिक्षण सुझाव

– विद्यार्थीले विद्यालयमा देखाउनुपर्ने इमानदारी के हो भन्ने विषयमा उनीहरूबिच छलफल गराई आवश्यक सल्लाहसमेत दिनुहोस् ।
– आफूले जाने बुझेका स्थानीय स्तरका कुनै इमानदार व्यक्तिका बारेमा सोधिखोजी गरी विद्यार्थीहरूलाई ती व्यक्तिबाट सिकेको कुरा भन्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण पनि दिनुहोस् ।

Curriculum Development Centre

विद्यालय जस्तै हो । सानो छँदा हामीले पढेका विद्यालयको वातावरणको प्रभाव पछिसम्म परिरहन्छ । त्यसैले इमानदार बन्न घर, परिवार र समुदायको पनि ठुलो भूमिका हुन्छ ।

**बिल्टु :** कुन कुन ठाउँमा इमानदार हुनुपर्छ त ?



**कीर्तिमणि :** आफूले गरेका जुनसुकै काममा पनि इमानदारी देखाउनुपर्छ । अहिले मानिसहरू जागिर र व्यापारमा मात्र इमानदारीको कुरा उठाउँछन् । त्यो ठिक होइन । हामीले गर्ने प्रत्येक काममा इमानदारीको आवश्यकता छ । इमानदारी हाम्रो मित्र हो, बेइमानी त हामी आफैँले सिर्जना गरेको शत्रु हो । श्रम, व्यापार, जागिर सबैतिर इमानदारी आवश्यक छ । मानिसहरू धार्मिक क्रियाकलाप पनि गर्छन् । त्यहाँ पनि इमानदारी चाहिन्छ । इमानदारी नचाहिने ठाउँ कतै छैन ।

**जगत् :** बेइमानीबाट के हानि हुन्छ ?

**कीर्तिमणि :** मैले भर्खरै भनेँ नि, बेइमानी शत्रु हो भनेर । शत्रुले के हानि गर्दैन र ? बेइमानीबाट मानिसको बदनाम हुन्छ । कानुनी सजाय भोग्नुपर्छ । आत्म सम्मानले बाँच्न चाहने मानिसका लागि बदनामीभन्दा ठुलो हानि के हुन्छ र ? पुरानो समयका ग्रन्थमा बदनामी मृत्युभन्दा पनि कडा पीडा दिने कुरा मानिएको छ । बेइमान भएर यो पीडा किन भोग्ने ? बेइमानी त मानिसलाई पतनतिर लैजाने कुमार्ग हो ।

**कपिल :** इमानदार हुन हामीले के गर्नुपर्छ त ?

Curriculum Development Centre

कीर्तिमणि : कुनै वस्तुप्रति बढी लोभ गर्नु बेइमानीको कारण हो । त्यसैले कुनै पनि कुरामा धेरै लोभ देखाउनु हुँदैन । एउटा उदाहरण हेर्नुहोस् न - हामी केही चिज खाएर अघायौँ भने फेरि भोक नलागुन्जेल खाँदैनौँ । निरन्तर खाइरह्यौँ भने हामी बिरामी पर्छौं । त्यसै गरी आफूलाई मन परेका चिज चाहिनेभन्दा बढी जम्मा गर्न थाल्यौँ भने हामीमा बेइमानी बढ्न सक्छ । अनि हामी केही समयका लागि सन्तुष्ट भए पनि पछि गएर अपमानित हुन पुग्छौँ । बेइमानीको परिणाम छिटो र इमानदारीको परिणाम दिगो हुन्छ । त्यसैले आफूलाई चाहिनेभन्दा बढी वस्तुमा लोभ देखाउने मानिसलाई धार्मिक ग्रन्थमा चोर भनिएको हो ।

निम्बा : इमानदारीका अरू फाइदा पनि भनिदिनुहोस् न त !

कीर्तिमणि : इमानदारीबाट मनमा सन्तोष पैदा हुन्छ । कुनै चिन्ता लिनु पर्दैन । समाजमा सम्मान र प्रशंसा पाइन्छ । मानिसले आफूप्रति विश्वास गर्छन् । नैतिक चरित्रको उदाहरण बन्न सकिन्छ । कुनै कानुनी समस्यामा पनि पर्नु पर्दैन । आफ्ना सन्तानको समेत इज्जत बढ्छ । त्यस्ता मानिसको सबैले नाम लिइरहन्छन्, सम्झना राखिरहन्छन् । सामाजिक कार्यमा सहभागी हुँदा गौरवान्वित भइन्छ वा सम्मानित भइन्छ । यसभन्दा ठुलो फाइदा के हुन्छ र !

रोजियादेवी : भ्रष्टाचार पनि बेइमानी हो त ? अनि यसलाई रोक्न के गर्नुपर्छ नि ?

कीर्तिमणि : हो, भ्रष्टाचार पनि एक किसिमको बेइमानी हो । भ्रष्टाचार राष्ट्रप्रतिकै बेइमानी हो, व्यक्ति र समाजका लागि कलङ्क र राष्ट्रका लागि समस्या हो । यसलाई रोक्न धेरै उपाय अपनाइएका छन् । भ्रष्टाचार अन्त्य गर्न विभिन्न सङ्घ संस्थाहरूको पनि स्थापना र सञ्चालन भएको छ । यसलाई रोक्नका लागि मानिसमा मानसिक परिवर्तन हुनुपर्दछ । अरू भ्रष्ट छन्, त्यसैले म पनि त्यस्तै हुन्छु भन्ने सोच्नु हुँदैन । म इमानदार भएँ भने सबै इमानदार हुन्छन् भन्ने सोचेर काम गर्दा यसलाई रोक्न सकिन्छ । भ्रष्टाचारीलाई सामाजिक तिरस्कार पनि गर्नुपर्छ ।

राजेश : इमानदारी बढाउन के गर्नुपर्छ ?

कीर्तिमणि : इमानदारहरूलाई हौसला र अवसर दिई सम्मान गर्नुपर्छ । उनीहरूका कामको अनुसरण गर्नुपर्छ । मानिसमा ठिक तथा बेठिक छुट्याउन सक्ने विवेक पैदा हुनुपर्छ । उसले असल र खराब व्यवहारको भिन्नता बुझ्न सक्नुपर्छ । यसो भए भ्रष्टाचारको अन्त र इमानदारीको विस्तार हुन सक्छ ।

**सारांश**

मानिसले आफ्नो पेसा तथा व्यवसायमा इमानदारी देखाउनु आवश्यक छ । यसबाट सम्मानित र प्रशंसित व्यक्तित्वको निर्माण भई समाजमा नैतिक चेतना र चरित्रको विकास हुन्छ । बेइमानी भ्रष्टाचारकै एउटा रूप हो । मानिसमा अतिशय लोभ पैदा हुँदा बेइमानीको भावना जाग्छ र त्यसबाट भ्रष्टाचार बढ्न पुग्छ । व्यक्ति सचेत र समाज एवम् राष्ट्र सक्रिय हुँदा भ्रष्टाचारको अन्त्य हुन्छ । सबै पेसा तथा व्यवसायमा भ्रष्टाचार रोक्ने सबैभन्दा ठुलो उपाय नैतिक विवेकको प्रयोग हो ।



Curriculum Development Centre

## अभ्यास

१. आफ्नो मूल्याङ्कन आफैँ गर :

(क) म इमानदार मानिसको सम्मान

(अ) गर्छु ( ) (आ) गर्दिनँ ( )

(ख) आफूले गरेका जुनसुकै काममा इमानदार

(अ) हुनपर्छ ( ) (आ) हुनु पर्दैन ( )

(ग) मैले बेइमानीबाट मानिसले दुःख पाएको देखेको

(अ) छु ( ) (आ) छैन ( )

(घ) म मन परेका वस्तु चाहिनेभन्दा बढी जम्मा

(अ) गर्छु ( ) (आ) गर्दिनँ ( )

(ङ) मलाई आफू इमानदार भए अरू पनि इमानदार हुन्छन् भन्ने

(अ) लाग्छ ( ) (आ) लाग्दैन ( )

२. छोटकरीमा उत्तर लेख :

(क) इमानदार हुने प्रेरणा कसरी पाइन्छ ?

(ख) इमानदारीका फाइदा के हुन् ?

(ग) इमानदारी कसरी र कहाँ देखाउनुपर्छ ?

(घ) बेइमानीबाट मानिसलाई के हानि हुन्छ ?

(ङ) लोभले कस्तो परिणाम ल्याउँछ ?

३. तल दिइएका वाक्य पढी खाली ठाउँमा उपयुक्त शब्द राख :

(क) स्यालले चोरेर पनि खान्छ । त्यसैले यो .............जनावर हो । (इमानदार/बेइमान)

(ख) कुकुरले मालिक र घरको सुरक्षा गर्छ । त्यसैले यो ....... जनावर हो । (इमानदार/बेइमान)

(ग) बाँदरले अरूको भाग खोसेर खान्छ । त्यसैले यो ....... जनावर हो । (इमानदार/बेइमान)

(घ) धेरै मानिस जिम्मेवारीपूर्वक आफ्नो कर्तव्य पुरा गर्छन् । उनीहरू ....... हुन् । (इमानदार/बेइमान)

(ङ) कुनै मानिस कर्तव्य राम्रोसँग पुरा नगर्ने हुन्छन् । उनीहरू ................. हुन् । (इमानदार/बेइमान)

४. तल विभिन्न पेसा तथा व्यवसाय गर्ने वर्गको नामावली दिइएको छ । तीमध्ये आफूलाई बढी मन पर्ने कुनै दुई वर्गले आफ्नो काममा देखाउनुपर्ने इमानदारीका विषयमा एक अनुच्छेद लेखी कक्षामा सुनाऊ ।

(क) व्यापारी (ख) उद्योगी (ग) शिक्षक (घ) कर्मचारी (ङ) मजदुर (च) विद्यार्थी (छ) सवारी चालक (ज) होटल व्यवसायी (झ) चिकित्सक (ञ) किसान

Curriculum Development Centre

५. तल दिइएको छोटो कथा पढ र प्रश्नको उत्तर कक्षामा भन :

**लम्बकण्ठ**

एउटा जङ्गल थियो । जङ्गलको बिचमा एउटा तलाउ थियो । तलाउको वरिपरि थुप्रै बकुल्ला बस्थे । तिनीहरू तलाउको छेउछाउमा आएका माछा चुच्चाले च्याप्थे र खाने गर्थे । यसरी समय बितिरहेको थियो । बकुल्लाको बथानमा एउटा बकुल्ला अरूभन्दा केही अग्लो थियो । अरू बकुल्लाले त्यसको नाम लम्बकण्ठ राखेका थिए । एक दिन लम्बकण्ठले सोच्यो 'यी बकुल्लालाई यहाँबाट लखेट्न पाए त तलाउका माछा म एक्लैले खान पाउँथेँ ।' त्यसपछि लम्बकण्ठले अरू बकुल्लालाई दु:ख दिन थाल्यो । उसले अरू बकुल्लाले चुच्चामा राखेर खान लागेका माछा खोसेर खान थाल्यो । उसले आफूभन्दा साना बकुल्लालाई ठुँगेर घाइते पनि बनायो । लम्बकण्ठको अन्याय बढ्दै गएपछि अरू बकुल्लाले भने, "हामीले पनि माछा खान पाउनुपर्‍यो, हाम्रो पनि सुरक्षा हुनुपर्‍यो ।" लम्बकण्ठले फुर्तीसाथ भन्यो, "माछा खान त बुद्धि चाहिन्छ, सुरक्षित हुन बल पनि चाहियो नि ।" लम्बकण्ठले ज्यादै दु:ख दिएपछि अरू सबै बकुल्ला तलाउको किनार छोडेर रुखमा बस्न थाले । तलाउका माछा लम्बकण्ठ एक्लै खान थाल्यो । ऊ मोटाउँदै गयो । ऊ घमन्डी पनि हुँदै गयो । लम्बकण्ठ तलाउको किनारमा शान्त भएर बस्थ्यो । नजिक आएका माछा खाने गर्थ्यो । त्यही तलाउमा एउटा गोही पनि बस्थ्यो । एक दिन तलाउको गोहीले अचानक लम्बकण्ठलाई समात्यो र मुखमा च्याप्यो । लम्बकण्ठ आत्तियो । रुखमा बसेका बकुल्लातिर हेर्दै उसले भन्यो, "बचाओ, साथी हो । मलाई बचाओ ।" लम्बकण्ठलाई सल्लाह दिँदै सबै बकुल्लाले एकै स्वरमा भने, "अब आफूमा भएको बुद्धि र बल देखाएर ज्यान बचाऊ ।" लम्बकण्ठले आफ्नो गल्ती स्विकार्‍यो । अबदेखि यसो नगर्ने वाचा पनि गर्‍यो । त्यो देखेर सबै बकुल्लाले गोहीलाई ठुङ्न लागे । सबैको ठुँगाइले गोही डरायो र लम्बकण्ठलाई छोडी भाग्यो । त्यस दिनबाट लम्बकण्ठ पनि अरू बकुल्लासँग मिलेर बस्न थाल्यो ।

प्रश्न :

(क) लम्बकण्ठले के सोच्यो ?

(ख) लम्बकण्ठले अरू बकुल्लालाई कसरी दु:ख दियो ?

(ग) लम्बकण्ठले फुर्तीसाथ के भन्यो ?

(घ) लम्बकण्ठ किन आत्तियो ?

(ङ) अरू बकुल्लाले लम्बकण्ठलाई के सल्लाह दिए ?

Curriculum Development Centre

एकाइ ३

# नागरिक कर्तव्य र दायित्व









## सिकाइ उपलब्धि

- असल नागरिकका गुण व्यवहारमा उतार्न
- नैतिक दायित्वप्रति सचेत रही व्यवहार गर्न
- सामाजिक आचरण र नियमको पालना गर्न
- समाजमा एकता, सद्भाव र मेलमिलापको वातावरण निर्माण गर्न

Curriculum Development Centre

## पाठ : १

# हाम्रो अधिकार

अपेक्षित व्यवहार

नागरिक कर्तव्य र अधिकारप्रति सचेत रही व्यवहार गर्न
असल नागरिक गुणको विकास गर्न
नागरिक कर्तव्यको पालना र अधिकारको सदुपयोगमा अरूलाई प्रेरित गर्न
जिम्मेवारीका साथ तोकिएको काम सम्पन्न गर्न
घर, परिवार र समाजमा उदाहरणीय व्यक्तित्व प्रदर्शन गर्न

म नेपाल दर्शन माध्यमिक विद्यालयमा पढ्छु । केही दिनपछि विद्यालयको वार्षिकोत्सव आउँदै छ । देशका विभिन्न क्षेत्रबाट यहाँ विद्यार्थी पढ्न आएका छन् । भिन्न भिन्न भूगोल, धर्म, जाति, रुचि र अवस्थाका विद्यार्थी यहाँ छन् । यस विद्यालयमा एउटा छात्रावास पनि छ । टाढा घर भएका विद्यार्थी त्यहीँ बस्छन् । अपाङ्गता भएका विद्यार्थीका लागि बस्ने र पढ्ने विशेष व्यवस्था गरिएको छ । स्थानीय बासिन्दाले विद्यालयलाई सहयोग गरेका छन् ।

आज शुक्रबार हो । कक्षा सातका विद्यार्थीहरूबिच शिक्षकले नयाँ कार्यक्रम गर्न लाग्नुभएको छ । कक्षाका दुई जना छात्र र दुई जना छात्राका बिच कक्षामै वक्तृत्व कलाको आयोजना गर्न लागिएको छ । यसको विषय छ, 'नागरिक अधिकार र यसको प्रयोग ।'

एक जना पुरुष शिक्षक र एक जना महिला शिक्षकको निर्णायक मण्डल बनाइएको छ । प्रत्येक विद्यार्थीलाई बोल्नका लागि पाँच मिनेटको समय तोकिएको छ । समय हेर्ने जिम्मा हिमलाललाई दिइएको छ । कार्यक्रम अनौपचारिक रूपमा हुन लागेको छ । बोल्नका लागि फुर्बा शेर्पा, अनिता उपाध्याय, सोहन चौधरी र कुसुम खातुन तयार भएर बसेका छन् ।

फुर्बा : श्रद्धेय प्रधानाध्यापक, गुरुवर्ग र साथीहरू ! आज म 'नागरिक अधिकार र यसको प्रयोग' शीर्षकमा आफ्ना विचार राख्दै छु । नागरिक भन्ने शब्द मानिसका लागि मात्र प्रयोग हुन्छ । यसबाट देशको सभ्य, असल र जिम्मेवारी पुरा गर्ने मानिस भन्ने बुझ्नुपर्छ । उसका विभिन्न अधिकार हुन्छन् । त्यस्ता अधिकार उसले राज्य वा विभिन्न संस्था निकायबाट प्राप्त गरेको हुन्छ । त्यस्ता अधिकारको उपयोग गरेर ऊ जीवनमा सुखी बन्न सक्छ । नागरिकले आफ्ना अधिकारको प्रयोग ठिक ठाउँमा

---

शिक्षण सुझाव

- कक्षाका सबै विद्यार्थीलाई दुई मिनेटको समय दिई असल मानिसमा हुनुपर्ने गुणहरू के के हुन् भनी पालैपालो एउटा एउटा गुण भन्न लगाउनुहोस् ।
- विद्यार्थीले पुरा गर्नुपर्ने कर्तव्यबारे कक्षामा छलफल गराउनुहोस् र आफूले पृष्ठपोषण दिनुहोस् ।



Curriculum Development Centre

ठिकसँग गर्नुपर्छ । आफूले पाएको अधिकार प्रयोग गर्दा अरूको अधिकारमा बाधा पर्नु हुँदैन । कुनै मानिस अधिकारको दुरुपयोग गर्दछन् । बुद्धि, विवेक र संयम भएन भने यसको दुरुपयोग हुन सक्छ । यस्ता धेरै उदाहरण पाइन्छन् । अधिकार भनेको मानिसलाई बढी जिम्मेवार बनाउने साधन पनि हो । अधिकारले मानिसलाई आफ्नो र अरूको पनि भलाइ गर्न सहयोग गर्छ । त्यसैले मेरो विचारमा अधिकारले मानिसलाई स्वतन्त्र बनाउँछ र गलत काम गर्नबाट रोक्छ । साथै यसको ठिक प्रयोग र उपयोग गर्नुपर्छ भन्ने लाग्छ ।



अनिता : आदरणीय प्रधानाध्यापक, गुरुवर्ग र प्यारा साथीहरू, म पनि 'नागरिक अधिकार यसको प्रयोग' शीर्षकमा आफ्ना विचारहरू प्रस्तुत गर्दै छु । समाजका विभिन्न वर्ग र व्यवसायका मानिसले शान्तिपूर्वक बस्न एवम् बाँच्न पाउनुपर्छ । स्वतन्त्र जीवन यापन गर्न पाउनुपर्छ । आफ्नो काम गर्न पाउने वातावरणको निर्माण हुनुपर्छ ।  यी अधिकारलाई नै नागरिक अधिकार भनिन्छ । राज्यका सबै तह र निकायहरूमा आफ्नो क्षमताअनुसार प्रवेश गर्न पाउने र तिनका सेवा सुविधामा सहभागी हुने अवस्था पनि नागरिक अधिकार नै हो । तर अधिकार पाउनका लागि हामी सबैले आआफ्नो कर्तव्य पनि पुरा गर्नुपर्छ । कर्तव्य जमिनमा खेतीपाती लाउनु हो भने अधिकार त्यसलाई घरमा भित्र्याउनु हो । खेतीपाती नगरी घरमा बालीनाली भित्र्याउन सकिँदैन । अत: नागरिकका कर्तव्य पुरा गरेर मात्र हामीले अधिकारको खोजी गर्नुपर्छ । टाढा किन जाने, हामी विद्यार्थीकै कुरा गरौँ न । हामीले पढ्ने कर्तव्य पुरा गर्‍यौँ भने मात्र पढ्न पाउने अधिकारको कुरा गर्न मिल्छ । नपढ्ने, पढाएको राम्ररी नसुन्ने, हल्ला गर्ने, विद्यालयको भित्तो र कालोपाटीमा जे पायो त्यही लेख्ने, कक्षा र विद्यालय परिसरमा फोहोर गर्ने, अपाङ्गता भएका साथीलाई हेप्ने, होच्याउने, जिस्काउने र खिज्याउने हो भने



Curriculum Development Centre

हामीले आफूलाई शिक्षित भन्न मिल्दैन । हामीले आफ्नो कर्तव्यप्रति सचेत हुनैपर्छ । हात्ती, घोडा, चौँरी, उँट, गधा जस्ता जनावर पनि भारी बोकेर कर्तव्य पुरा गर्छन् । त्यसका लागि उनीहरूलाई मानिसबाट खाने व्यवस्था हुने गर्छ । हामी मानिसले कर्तव्य पुरा नगरी अधिकार मात्र माग्छौँ र खोज्छौँ भने हाम्रो कस्तो मूल्याङ्कन होला ? मतदान गर्नु, कर तिर्नु, कानुनको पालना गर्नु आदि हाम्रा कर्तव्य हुन् । यी काम हामीले पुरा गर्नुपर्दछ । म त भन्छु - पहिला आफ्नो कर्तव्य पुरा गरौँ अनि अधिकार खोजौँ । अधिकार र कर्तव्यको सन्तुलित ढङ्गबाट उपयोग गरौँ ।

सोहन : आदरणीय प्रधानाध्यापक, गुरुवर्ग र प्यारा साथीहरू, विश्वका जुनसुकै देशमा बसे पनि सबै मानिसलाई राज्यका तर्फबाट खाने, बस्ने, स्वास्थ्य उपचार पाउने, शोषणबाट सुरक्षित हुन पाउने अधिकारलाई नागरिक अधिकारका रूपमा लिने गरिन्छ । अधिकारले मानिसलाई शक्तिशाली बनाउँछ तर अधिकार मात्र खोज्ने, कर्तव्य पुरा नगर्ने मानिसको नाम कतै पनि लामो समयसम्म रहन सक्दैन । बुद्धले तपस्या गरेर मानिसलाई शान्ति र अहिंसाको सन्देश दिएर मानव कर्तव्य पुरा गरे । महावीरले पनि अधिकार पाउनका लागि नभई दया र अहिंसा सिकाएर आफ्नो कर्तव्य पुरा गरे । पुराना धार्मिक ग्रन्थहरूमा ठुला ठुला सन्त महात्माहरूले पनि अधिकार पाउनका लागि भन्दा कर्तव्य पुरा गर्न धेरै दु:ख कष्ट खेपेका प्रसङ्गहरू सुन्नमा आउँछन् । गीता जस्तो महत्त्वपूर्ण र प्रसिद्ध ग्रन्थमा समेत अधिकार खोज्नका लागि भन्दा कर्म गर्न सन्देश दिइएको छ । अत: दु:ख गरेर कर्तव्य पुरा गरिसकेपछि पाएको अधिकारको मात्र महत्त्व हुन्छ । यस्तो अधिकारको जिम्मेवारीपूर्ण प्रयोगले मात्र यसको सदुपयोग पनि हुन्छ ।

कुसुम : आदरणीय प्रधानाध्यापक, गुरुवर्ग र प्यारा साथीहरू, नेपालमा बस्ने हामी सबै नेपाली नागरिक हौँ । हामी असल हुन सक्यौँ भने मात्र अधिकार पाउनुको सार्थकता रहन्छ । सही काम एवम् व्यवहार र निरन्तर श्रम गर्ने बानीले मात्र हामी असल नागरिक बन्न सक्छौँ । कुनै काममा लगनशील भएर लाग्ने बानी र सहनशील स्वभावले समाजमा शान्ति ल्याउँछ । अधिकार विभिन्न प्रकारका हुन्छन् : बाल अधिकार, महिला अधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार मानव अधिकार आदि । यस्ता अधिकारले समाजका सबै वर्गलाई अवसरको सिर्जना गरिदिन्छ । आज पनि समाजमा सबै प्रकारका अधिकारको उपयोग हुन सकिरहेको छैन । तर उद्देश्य स्पष्ट नभई खोजेको अधिकारको कुनै अर्थ रहँदैन । सुरक्षा गर्नुपर्ने कर्तव्य पुरा नगर्ने तर हतियार प्रयोग गर्न पाउने अधिकार पाउँदा के होला ? कर्तव्य पनि पुरा गर्ने र अधिकारको पनि सदुपयोग गर्ने मानिस मात्र अनुकरणीय बन्छ । दुवैमा सफल मानिस मात्र असल नागरिक बन्न पुग्छ । कर्तव्य पालना गर्नाले मानिसलाई नैतिक र अधिकारको सदुपयोगले सबल बनाउँछ ।



Curriculum Development Centre

सबै मानिस नैतिक र सबल बन्न चाहन्छन् । यही भएर धेरै मानिस कर्तव्य र अधिकारलाई एउटा सिक्काका दुई भाग भन्दछन् । सिक्काको अस्तित्वका लागि दुई भाग आवश्यक भए झैँ कर्तव्य र अधिकार पनि असल नागरिकका दुई पाटा हुन् ।

शिक्षक : तिमीहरू सबैले राम्रो कुरा गर्‍यौ । तिमीहरूले बोलेका कुराको सार यही होइन त ? (कालो पाटीमा लेख्छन्)




सबै विद्यार्थी : हो । सही भन्नुभयो ।

शिक्षक : उत्तर दिएकामा सबैलाई धन्यवाद । यसको नतिजा विद्यालयको वार्षिकोत्सवको दिन सुनाइने छ । त्यस दिन सबै जना आउनु, ल ।

सबै विद्यार्थी : हुन्छ ।

**सारांश**

प्रत्येक नागरिकले पाउने र उपयोग गर्ने अधिकार नागरिक अधिकार हो । यसलाई प्रजातान्त्रिक चरित्र भनिन्छ । अधिकारको उपयोगका लागि नागरिक कर्तव्य पनि पुरा गर्नुपर्छ । कर्तव्य पुरा गर्ने मानिस प्रशंसित पनि हुन्छ । सबै मानिस असल हुन चाहन्छन् । त्यसका लागि केही कर्तव्यको पालना हुनु नै पर्दछ । तोकिएको कर्तव्य पुरा गर्ने र अधिकारको सदुपयोग गर्ने मानिस मात्र वास्तविक रूपमा असल मानिस हो । हामीले असल भई अनुकरणीय बन्न प्रयास गर्नुपर्दछ ।

## अभ्यास

१. आफ्नो मूल्याङ्कन आफैँ गर :

(क) म सबै साथीसँग मिलेर पढ्न

(अ) रुचाउँछु ( ) (आ) रुचाउँदिनँ ( )

(ख) म अधिकारलाई भन्दा कर्तव्यलाई बढी महत्त्व

(अ) दिन्छु ( ) (आ) दिन्नँ ( )



Curriculum Development Centre

(ग) मलाई विद्यार्थीको पनि कर्तव्य हुन्छ भन्ने

(अ) लाग्छ ( ) (आ) लाग्दैन ( )

(घ) म आफ्नो अधिकार प्रयोग गर्दा अरूको अधिकारमा बाधा

(अ) पुऱ्याउँछु ( ) (आ) पुऱ्याउँदिनँ ( )

(ङ) म असल नागरिक बन्न

(अ) चाहन्छु ( ) (आ) चाहन्नँ ( )

२. छोटो उत्तर लेख :

(क) नेपाल दर्शन माध्यमिक विद्यालयको विशेषता के हो ?

(ख) अधिकारको दुरुपयोग कसरी हुन्छ ?

(ग) कर्तव्य र अधिकारबिच कस्तो सम्बन्ध हुन्छ ?

(घ) पुराना धार्मिक ग्रन्थमा अधिकार र कर्तव्यका बारेमा के उल्लेख गरिएको छ ?

(ङ) मानिस असल कसरी हुन्छ ?

३. बिस वाक्यमा आफ्ना भनाइ लेख :

कर्तव्य र अधिकार, असल मानिसका मूल आधार

४. यी काम गर :

(क) आफ्नो छिमेक/टोल/समुदायमा रहेका कुनै एक जना असल मानिसको परिचय बताई उनमा भएका असल गुणहरूको सूची कक्षामा प्रस्तुत गर ।

(ख) तल कर्तव्य र अधिकारका बारेमा उल्लेख गरिएको छ । कुन कर्तव्य र कुन अधिकार हो ? उदाहरणमा दिइएको ढाँचामा तालिका बनाऊ र कक्षामा प्रस्तुत गर, जस्तै :

| राम्रोसँग पढ्नु | पढ्न पाउनु |
|---|---|
| कर्तव्य | अधिकार |

शान्ति सुरक्षा पाउनु, शान्ति सुरक्षा कायम राख्नु

राज्यलाई कर तिर्नु, सम्पत्ति आर्जन गर्न पाउनु

विचार व्यक्त गर्न पाउनु, सामाजिक सम्मान र सद्भाव राख्नु

धार्मिक गतिविधि गर्न पाउनु, अरूको धर्ममा बाधा नपुऱ्याउनु

मतदान गर्नु, मतदान गर्न पाउनु

Curriculum Development Centre

# पाठ : २ नैतिक दायित्व

**अपेक्षित व्यवहार**

- घर, परिवार, विद्यालय तथा सार्वजनिक स्थलमा पालना गर्नुपर्ने कर्तव्यअनुरूपको व्यवहार प्रदर्शन गर्न
- कर्तव्य पालना गर्दा जिम्मेवारी बोध गर्न
- सत्य र न्यायको पहिचान गरी तिनको पक्ष लिन र व्यवहारमा उतार्न




**शिक्षण सुझाव**

- विभिन्न कथा, जीवनी आदिका माध्यमले असल नागरिकका गुण र तिनका कर्तव्य, दायित्व तथा विशेषताका बारेमा छलफल गराउनुहोस् ।
- गीत, कविता, भनाइ आदिका माध्यमले नैतिक दायित्वको बोध गराई दैनिक व्यवहारमा प्रयोग गर्न उत्प्रेरित गर्नुहोस् ।
- विद्यार्थीका अभिभावकसँग अन्तरक्रिया गरी उनीहरूको कार्य व्यवहारको निरन्तर मूल्याङ्कन गर्ने वातावरण तयार पार्नुहोस् ।

Curriculum Development Centre

छिरिङको घर दुर्गम पहाडी गाउँ खुम्बुमा पर्छ। विद्यालयको जाडो बिदामा बुबाआमासँग उनी सहर घुम्न आएका छन्। सहरमा उनी बस चढ्छन्। बसको सिटको छेउमा लेखिएको कुरा पढ्छन्। त्यहाँ लेखिएको छ :

अपाङ्गता आरक्षित सिट

महिला आरक्षित सिट

वृद्ध वृद्धा आरक्षित सिट

छिरिङ यात्रुका गतिविधिलाई ध्यान दिएर हेर्छन्।

सहर आएको भोलिपल्ट बुबाआमासँगै छिरिङ अस्पताल जान्छन्। बुबालाई जँचाउनुपर्ने भएकाले उनी अस्पताल पुगेका हुन्। अस्पतालको भित्तामा टाँगेको बोर्डमा उनी पढ्छन् :

कृपया शान्त

चुप

हल्ला नगरिदिनुहोला

छिरिङ चुपचाप लागेर बुबासँग हिँडिरहन्छन्।

सहर बसाइकै क्रममा एक दिन बुबाले छिरिङलाई एउटा कार्यालयमा लिएर जान्छन्। कार्यालय भवन देखेर छिरिङ छक्क पर्छन्। यति ठुलो र राम्रो भवन उनले आजसम्म देखेकै थिएनन्। उनीहरू बुबाको साथी भेट्न कोठातिर जान्छन्। कोठाको बाहिरपट्टि भित्तामा राम्रा अक्षरमा लेखिएको छ :

कृपया जुत्ता, चप्पल बाहिर

धूमपान निषेध

छिरिङले पनि जुत्ता फुकाल्छन् र दुवै जना भित्र पस्छन्। छिरिङका बुबाले गाउँको समस्या साथीलाई सुनाउँछन्। छिरिङले बुबा र बुबाको साथीको सबै कुरा सुन्छन्। काम सकिएपछि उनीहरू घुम्न जान्छन्।

छिरिङको गाउँमा पढेका दाजुहरू माथिल्लो कक्षामा पढ्नका लागि सहरका विद्यालयमा भर्ना भएका छन्। बुबाले छिरिङलाई त्यो विद्यालयमा पनि लैजान्छन्। छिरिङ विद्यालयको पुस्तकालयमा पुग्छन्। पुस्तकालयको भित्तामा यस्तो लेखिएको छ :

कृपया हल्ला गरेर अरूको पढाइमा बाधा नपुऱ्याउनुहोला।

Curriculum Development Centre

पुस्तकालयबाट बाहिर आएपछि छिरिङ विद्यालयको चारैतिर हेर्छन् । चार कुनामा आधा काटेर रङ्गाइएका ड्रममा लेखिएको कुरा पनि छिरिङ पढ्छन् :



फोहोर मलाई

विद्यालय, धार्मिक स्थल र चउर सफा राखौँ ।

छिरिङका बुबाले एक दिन उनलाई ठुलो गुम्बामा दर्शन गर्न लैजान्छन् । त्यहाँ धेरै मानिसको भिड लागेको रहेछ । गुम्बाको मूल ढोकाको बाहिरपट्टि लेखेर टाँगेका कुरा छिरिङ पढ्छन् :

कृपया पालो पर्खेर दर्शन गर्नुहोला ।

छिरिङकी हजुरआमा घरमा बस्न मन नलागेर बुढाबुढीलाई राख्ने साझा घरमा आएर बसेकी छन् । छिरिङका बुबा उनलाई लिएर त्यहाँ पनि पुग्छन् । त्यहाँ थुप्रै बुढाबुढी बस्ने घरको मूल ढोकाको सिरानमा ठुला अक्षरले लेखिएको कुरा पनि छिरिङ पढ्छन् :

आमाबुबालाई देवता समान सम्मान गर ।

सहर डुलिसकेपछि छिरिङ घर फर्कनका लागि आमाबुबासँग फेरि बस चढ्छन् । उनले एउटा सानो झोला बोकेका छन् । बस चढ्नेबित्तिकै ढोकाको माथिल्लो भागमा ठुला अक्षरमा लेखिएको छ :

आफ्नो सामानको सुरक्षा आफैँ गर्नुहोला ।

माथिका कुरा छिरिङलाई मन पऱ्यो । यसकारण घर पुगेपछि परिवार, समाज र विद्यालयका बारेमा उनले यसरी टिपोट गरे :

| पारिवारिक कर्तव्य र दायित्व | सामाजिक कर्तव्य र दायित्व | विद्यालयप्रतिको कर्तव्य र दायित्व |
|---|---|---|
| काम बाँडी समयमै गर ।<br>मिलेर बस ।<br>आमाबुबाले भनेको मान ।<br>निर्णय गर्दा सबैलाई सोध ।<br>सानालाई माया गर ।<br>ठुलाको मर्यादा गर ।<br>अतिथि सत्कार गर ।<br>अशक्त, वृद्ध र बिरामीको सेवा गर । | सामाजिक काममा सक्रियरूपमा सहभागी होऊ ।<br>सबैप्रति सद्भाव राख ।<br>सार्वजनिक स्थलको संरक्षण र संवर्धन गर ।<br>व्यक्तिगतभन्दा सामूहिक हितलाई जोड देऊ ।<br>एक अर्कालाई सहयोग गर । | नियमित विद्यालय जाऊ ।<br>कक्षा कोठामा सक्रिय होऊ ।<br>विद्यालय र कक्षा कोठालाई सफा राख्न सहयोग गर ।<br>अतिरिक्त क्रियाकलापमा सहभागी होऊ ।<br>कक्षा कार्य र गृह कार्य समयमै गर । |

Curriculum Development Centre

**सारांश**

सार्वजनिक गाडीमा यात्रा गर्दा हामीले अशक्त, अपाङ्ग, महिला र बुढाबुढीका लागि निर्धारित सिट उनीहरूका लागि नै छोडिदिनुपर्छ । अस्पतालमा जाँदा र बस्दा हामीले होहल्ला गर्नु हुँदैन । यसो गर्दा बिरामीको उपचारमा बाधा पुग्छ । कुनै ठाउँमा जुत्ता लगाएर प्रवेश गर्न निषेध छ भने त्यसको पालना गर्नुपर्छ । पुस्तकालयमा लेखपढ गर्दा आवाज निकाल्नु हुँदैन र अरूको पढाइ तथा लेखाइमा बाधा पुऱ्याउनु हुँदैन । विद्यालय लगायत सार्वजनिक स्थानमा जथाभावी फोहोर फाल्नु हुँदैन । तोकिएको ठाउँमा मात्र फोहोर फाल्ने गर्नुपर्छ । धेरै जनाले एकै पटक एउटै काम गर्दा पालो पर्खी गर्नुपर्छ । यसो गर्दा सबैले आफ्नो काम शान्त र व्यवस्थित रूपमा गर्न सक्छन् । आफ्ना आमाबुबा र मान्यजनलाई देवता जस्तै मानेर श्रद्धा प्रकट गर्नुपर्छ । उनीहरूले लाए अराएको काम गरेर, सेवा तथा सहयोग गरेर, इच्छा पुरा गरिदिएर आफ्नो कर्तव्य पुरा गर्नुपर्छ । आफूले संरक्षण गर्नुपर्ने वस्तुको सुरक्षा गरेर जिम्मेवारी पुरा गर्नुपर्छ । सधैँ सत्य र न्यायको पक्ष लिनुपर्छ । सामाजिक कार्य गर्न अग्रसर हुनुपर्छ । कामप्रति जिम्मेवार र लगनशील हुनुपर्छ ।

## *अभ्यास*

१. आफ्नो मूल्याङ्कन आफैँ गर :

(क) म बसमा यात्रा गर्दा अशक्त, अपाङ्गता भएका व्यक्ति तथा महिलालाई भनेर तोकिएको सिटमा बस्न अनुरोध

(अ) गर्छु ( ) (आ) गर्दिनँ ( )

(ख) म पुस्तकालय जाँदा साथीसँग कुराकानी गर्न मन

(अ) पराउँछु ( ) (आ) पराउँदिनँ ( )

(ग) म पालो पर्खेर काम

(अ) गर्छु ( ) (आ) गर्दिनँ ( )

(घ) म मिल्ने साथीले गरेका गल्ती

(अ) नदेखे झैँ गर्छु ( ) (आ) विरोध गर्छु ( )

(ङ) म कुनै पनि काम गर्दा गुण र दोषको

(अ) जिम्मेवारी लिन्छु ( ) (आ) गुण लिन्छु तर दोष दिन्छु ( )

Curriculum Development Centre

२. छोटकरीमा उत्तर लेख :

(क) छिरिङले सहर घुम्न जाँदा के के कुरा सिकेछन् ?

(ख) विद्यार्थीको नैतिक दायित्वमा कुन कुन कुरा पर्छन् ?

(ग) विद्यालयप्रति हाम्रो कस्तो नैतिक दायित्व रहेको हुन्छ ?

(घ) घर परिवारप्रति हाम्रो कस्तो नैतिक दायित्व छ ?

(ङ) हामीले आफ्नो जिम्मेवारी कसरी पुरा गर्नुपर्छ ?

३. ठिक बेठिक छुट्याऊ :

(क) म व्यक्तिगतभन्दा सामूहिक हित ठुलो ठान्छु । ( )

(ख) अरूलाई अप्ठ्यारो पर्दा सहयोग गर्नु राम्रो होइन ।( )

(ग) मिठो र सत्य बोलेर मात्र व्यवहार चल्दैन । ( )

(घ) साथीभाइहरूसँग मिलेर बस्नुपर्छ । ( )

(ङ) पढाइको ज्ञानलाई व्यवहारमा उतार्नु राम्रो हो । ( )

४. छोटकरीमा भन :

(क) तिमीले घर र विद्यालयबाहेकका अन्य स्थानबाट सिकेका नैतिक दायित्वहरू के के हुन् ?

(ख) तिमीले सिकेका नैतिक दायित्वसँग सम्बद्ध कुरा साथीलाई कसरी सिकाउने गरेका छौ ?

(ग) तिमीले आफ्नो व्यवहारमा उतारेका नैतिक दायित्वहरू के के हुन् ?

५. यी काम गर :

(क) नैतिक दायित्व पुरा गर्न विद्यार्थीले आपसमा के कस्ता व्यवहार गर्नुपर्छ ? कक्षामा तिन चार जना साथीसँग बसी छलफल गर र त्यसको सूची बनाई कक्षामा प्रस्तुत गर ।

(ख) छिरिङले जस्तै तिमीले देखेका, भोगेका र सुनेका आधारमा यात्रा निबन्ध तयार पारी अभिभावकलाई सुनाऊ ।

Curriculum Development Centre

(ग) आफ्नो घर/टोलमा के कस्ता नैतिक दायित्वको पालना गर्नुपर्छ ? अभिभावकसँग छलफल गरी तिनको सूची तयार पार । तिमीले तयार पारेको सूची कक्षा कोठामा प्रस्तुत गर ।

(घ) तलको घटना अध्ययन गर । यस घटनाबाट तिमीले के कस्ता नैतिक कर्तव्य र दायित्व सिक्यौ ? छोटो टिपोट तयार पार ।

**कर्तव्य**

मुना विद्यालय बन्द भएको बेला अवलोकन भ्रमणमा गएकी थिइन् । यात्राका क्रममा उनी बसमा थिइन् । उनको अगाडिपट्टि बसेका एक जना यात्री ओर्लिन्छन् । ओर्लने क्रममा उनको पैसा खस्छ । त्यो पैसा अर्को यात्रीले टिपेर खल्तीमा हालेको मुनाले देख्छिन् । टिप्ने यात्रीले पैसा दिन्छ होला भनेर मुना चुपचाप बस्छिन् । अरूले यो दृश्य देखेका हुँदैनन् । पैसा खसाल्ने यात्री हतार हतार गर्दै आफ्नो सिटमा आउँछ । उसले पैसा हराएको कुरा गर्छ । सँगै बसेको यात्रीलाई सोध्छ तर उनले देखेको र पाएको कुरा गरेनन् । उनीहरूबिच वाद विवाद हुन थाल्छ । बसभरि हल्ला हुन्छ । पैसा हराएको यात्रीले बसका सबै यात्रीलाई प्रहरी चौकीमा लगेर खानतलासी गर्ने कुरा गर्छन् ।

विवाद र होहल्ला हुन्छ । बसमा यात्रा गरिरहेका एक जना बुढा मानिसले पैसा जसले देखे पनि वा लगे पनि अप्ठ्यारो नमानी फिर्ता गर्न आग्रह गर्छन् । प्रहरी चौकीमा पुगेर खानतलासी गर्दा सबैलाई समस्या हुने कुरा गर्छन् । बुढा मानिसको कुरा सुनेर मुनाले पैसा लुकाउने मानिस चिनाउँछिन् । पैसा टिप्ने यात्रीले पहिले त मुनालाई हप्काउँछ । तर मुनाले सबै कुरा बताएपछि पैसा फिर्ता गर्छन् । सबै यात्री खुसी हुन्छन् र मुनालाई धन्यवाद दिन्छन् । पैसा पाउने यात्रीले मुनालाई केही पैसा दिन खोज्छन् तर मुनाले ‘मैले त मेरो कर्तव्य मात्र पुरा गरेकी हुँ किन पैसा लिनु’ भनेपछि सबै जनाले मुनालाई स्याबासी दिन्छन् ।

Curriculum Development Centre

# पाठ : ३ बुबाको अर्ती

अपेक्षित व्यवहार

- सामाजिक आचरण र नियमको पालनामा तत्पर हुन
- विभेदपूर्ण व्यवहारको अन्त्य गर्न
- व्यक्तिगत र सामाजिक जिम्मेवारी वहन गर्न
- सामाजिक शिष्टता, समानता, सद्भाव र एकताको वातावरण निर्माण गर्न

धनकुटा बजार, धनकुटा

मिति : २०७०/०६/१४

प्यारी छोरी सलिना,

धेरै माया र आशीर्वाद !

यहाँ मलाई आरामै छ । त्यहाँ तिमीहरू सबैलाई आरामै होला भन्ने लागेको छ । तिमीले लेखेको चिठी हिजो मात्र पाएँ । चिठीबाट धेरै कुरा थाहा भयो । तिमीले पढाइमा राम्रो गरेकामा खुसी लाग्यो । तर चिठीमा लेखेका केही विषयमा भने तिमीलाई सुझाव दिन मन लागेको छ । यसलाई मान्यौ भने तिमी आज राम्रो विद्यार्थी र भोलि असल नागरिक हुनेछ्यौ ।

चिठीमा तिमीले साना कुरामा गाउँलेबिच उत्पन्न भएको विवादबारे लेखेकी रहिछ्यौ । समाजमा विवाद र झगडा गर्ने हामी मानिस नै हौँ । अरू कसैले पनि हाम्रो समाजमा विवाद सिर्जना गर्दैन । हामीले समाजका आचरण र नियमको पालना गऱ्यौँ भने विवाद र झगडा समाप्त हुन्छन् । धारामा कसले पहिले पानी थाप्ने भन्ने विषयमा विवाद हुनु लाजको विषय हो । यो सामाजिक आचरण नियमको पालना नहुनाले पैदा भएको विवाद हो । धारामा जो पहिले आयो उसले पहिले पानी थाप्ने नियम बनाउँदा विवाद नै जन्मँदैन । हामीले राज्यको कानुनका साथै समाजका नियम पनि पालना गर्नुपर्छ ।

समाजका पनि आफ्नै नियम, अनुशासन र परम्परा हुन्छन् । तिनको पालना नगर्ने मानिस असामाजिक हुन्छ । हामीले पालो पर्खेर काम गर्नुपर्छ । समाजका सबै वर्गप्रति सद्भाव राख्नुपर्छ

---

शिक्षण सुझाव

- विद्यार्थीहरूलाई तिमीहरू पढ्नुबाहेक घरमा अरू के काम गर्छौ भनी सोध्नुहोस् । तिन मिनेटको समयपछि पालैपालो आफूले गर्ने गरेका कामबारे भन्न लगाउनुहोस् ।
- अहिलेसम्म आफूले गरेका काममध्ये सबैभन्दा ठुलो जिम्मेवारी केलाई मान्छौ भनी सोध्नुहोस् र त्यसबाट भएका फाइदाबारे विद्यार्थीहरूबिच छलफल गराउनुहोस् ।



Curriculum Development Centre

र सहयोग गर्नुपर्छ । अशक्त, वृद्ध वृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सेवा र सुरक्षा गर्नुपर्छ । अरूको हानि हुने काम गर्नु हुँदैन । यी नै सामाजिक आचरणमा पर्ने विषय हुन् । यी कुरा राज्यका कानुनमा लेखिरहनु पर्दैन । यिनको पालनाबाट नै व्यक्ति, समाज र राष्ट्रलाई सहयोग पुग्छ । प्रेमले शान्ति र घृणाले अशान्ति जन्माउँछ । तिमीले अहिलेदेखि नै यस विषयमा ध्यान देऊ । घर, टोल र छिमेकमा पनि यो कुरा भन । विद्यालयमा पनि तिमी यस्तै व्यवहार गर । विद्यालयमा अनुशासित भएर पढ्नु मात्र ठुलो कुरा होइन । समाजका आचरण र नियमको पालना गर्नु पनि अनुशासन नै हो । हामी मनलाई नियन्त्रण गरेर व्यवहारलाई सन्तुलित बनाएर अनुशासित मानिस बन्न सक्छौँ ।



तिमीले गाउँमा भेदभावको व्यवहार भएको कुरा पनि चिठीमा लेखेकी रहिछौ । भेदभाव गर्नु नराम्रो कुरा हो । हामीले कुनै पनि मानिसलाई कुनै पनि आधारमा भेदभाव गर्नु हुँदैन । सबै मानिस समान छन् । उनीहरूका खास गुण र आवश्यकता समान छन् । यस्तो अवस्थामा कसले कसलाई भेद गर्ने ? हाम्रा शरीरलाई नै हेर न ! दुई आँखा, दुई कान, दुई हात, दुई गोडा हामीलाई उत्तिकै प्यारा लाग्छन् । हामी यीमध्ये कुनै पनि अङ्गलाई भेदभाव गर्दैनौँ । त्यसैले हाम्रो शरीरले काम गरेको छ ।

सबै मानिस समाजका अङ्ग हुन् । भेदभाव गरे समाज कसरी चल्ला र ! हामीलाई समाजका सबै थरी मानिस चाहिन्छन् । भेदभाव गर्‍यौँ भने हामीलाई उनीहरूले सहयोग गर्दैनन् । भेदभाव आफूले नगर्ने मात्र होइन, अरूलाई पनि त्यस्तो काम गर्नबाट रोक्न प्रयास गर्नुपर्छ । पुरानो समयका बुद्धिमान् मानिसहरू किरा फट्याङ्ग्रादेखि भगवान्सम्मलाई पनि समान व्यवहार गर्थे अरे ! अरूलाई पनि समान व्यवहार गर्न सिकाउँथे अरे ! उनीहरूबाट प्रेरणा लिएर हामी पनि किन बुद्धिमान् नबन्ने त छोरी ! आधुनिक युगका हामीले अझै पनि मानिस मानिसबिच भेदभावको व्यवहार गर्‍यौँ भने आगामी युगका मानिसले हामीलाई के भन्लान् ?



Curriculum Development Centre

तिमी अहिले सानै छौ । त्यसैले पढ्नुबाहेक मेरो अरू केही काम होइन भन्ने ठान्दी हौ । अरू काम सबै ठुला मानिसका हुन् भन्ने तिमीलाई लागेको होला । तिम्रो यस्तो सोचाइ छ भने त्यो पनि ठिक होइन । समाजमा साना मानिसका थोरै र ठुला मानिसका धेरै जिम्मेवारी हुन्छन् । हामी सबैले आफ्ना जिम्मेवारी पुरा गर्नुपर्छ । सानामा जिम्मेवारी वहन गर्ने र पुरा गर्ने मानिस ठुलो भएपछि पनि त्यस्तै हुन्छ । प्रकृतिबाट पनि हामीले यस किसिमको शिक्षा लिन सक्छौँ । बिरुवाले आफ्नो जिम्मेवारी पुरा नगर्ने हो भने त्यसले ठुलो रुख भई अरूको मद्दत गर्न कसरी सक्छ र ?

तिमी बुझिराख - जिम्मेवारी विभिन्न प्रकारका हुन्छन् । तीमध्ये हामी साधारण मानिसले कम्तीमा दुई ओटा जिम्मेवारी पुरा गर्नुपर्छ : व्यक्तिगत र सामाजिक । तिमीले पनि आफ्नो उमेरअनुसारको जिम्मेवारी पुरा गर्नुपर्छ । जिम्मेवारी विद्यालयमा पनि हुन्छ र घरमा पनि हुन्छ । विद्यालयमा राम्ररी पढ्नु, अतिरिक्त क्रियाकलापमा सहभागी हुनु, विद्यालय तथा कक्षा कोठाको सरसफाइ गर्नु आदि जिम्मेवारी हुन्छन् । शिक्षकले भनेको मान्नु, उहाँहरूको सम्मान गर्नु, कक्षाका साथीसँग मेलमिलाप राख्नु विद्यालयप्रतिको जिम्मेवारी हो । एक अर्कालाई पढाइ र अन्य विषयमा सहयोग गर्नु पनि जिम्मेवारी नै हो ।

घरमा सबैलाई सहयोग गर्नु, ठुलाबडाले भनेको मान्नु, आफूभन्दा सानालाई पढाइ तथा लेखाइमा सहयोग गर्नुपर्छ । व्यक्तिगत सरसफाइमा ध्यान दिनुपर्छ । निश्चित समयमा आफ्नो काम गर्नुपर्छ । सामाजिक जिम्मेवारी पनि पुरा गर्नुपर्छ । एकअर्काको सहयोगले समाज चलेको हुन्छ । बुढाबुढी, अशक्त, अपाङ्गता भएका व्यक्तिहरू र सहारा नपाएका मानिसलाई सकेको सहयोग गर्नुपर्छ । कतिपय मानिस लेखपढ गर्न नसक्ने पनि हुन सक्छन् । उनीहरूलाई लेखपढमा सहयोग गर्नुपर्छ । पढेका मानिसले यति काम नगरे पढाइ व्यर्थ हुन्छ भन्ने भनाइ छ । आफ्नो पढाइलाई व्यर्थ बनाउन कोही पनि चाहँदैन । सार्वजनिक सम्पत्तिको रक्षा र सदुपयोगका लागि पनि सधैँ तत्पर हुनुपर्छ । मानिस धेरै प्रकारका हुन्छन् । म मेरा लागि, परिवारका लागि, समाजका लागि र देशका लागि भन्ने भावना भएको मानिस उत्तम हुन्छ । यस्तो मानिसले परिवार एवम् समुदायमा सद्भाव र एकता कायम गर्न सक्छ ।

चिठी केही लामो भयो । तिमीले यी कुरा घर, टोल, छिमेक र विद्यालयमा पनि भन । आफू पनि यस्तै व्यवहार गर । यसो भए गाउँघर र सहर बजार कहीँ पनि विवाद र झगडा हुँदैन । दिपायल डोटीबाट म बसेको ठाउँ धनकुटा धेरै टाढा छ । तर पनि म यहाँ राम्रोसँग बसेको छु । कार्यालयमा हामी सबै नेपाली भन्ने भावनाले काम गर्छौं । गौरा पर्वमा घर आउने प्रयास गर्ने छु । घर परिवार छरछिमेकमा मेरो सम्झना सुनाइदिनू । तिमी राम्ररी पढ, सकेको काम गर र असल बनेर आफूलाई समाजमा देखाऊ ।

तिम्रो बुबा
विजयराज

Curriculum Development Centre

**सारांश**

राज्यका जस्तै समाजका पनि आफ्नै आचरण र नियम हुन्छन् । मानिस सामाजिक प्राणी भएकाले उसले सामाजिक आचरण र नियमको पालना गर्नुपर्छ । यसबाट समाजमा विवाद पैदा हुने अवस्था आउँदैन । समाजमा बसेपछि सामाजिक विभेद हटाउन पनि प्रयास गर्नुपर्छ । समाजको प्रत्येक मानिस शरीरको अङ्ग जस्तो महत्त्वपूर्ण हुन्छ । मानिसको आआफ्नै दायित्व पनि हुन्छ । त्यसलाई पुरा गर्ने मानिस मात्र नैतिक र अनुशासित हुन्छ । परिवार, विद्यालय र समाजमा दायित्व पुरा गर्दा मानिसले आर्जन गरेको शिक्षा पनि सफल हुन्छ ।

## अभ्यास

१. आफ्नो मूल्याङ्कन आफैँ गर :

(क) म सानो कुरामा पनि विवाद गर्न

(अ) खोज्छु ( ) (आ) खोज्दिनँ ( )

(ख) म सामाजिक आचरण र नियमको पालनामा तत्पर

(अ) हुन्छु ( ) (आ) हुन्नँ ( )

(ग) मलाई भेदभाव गरेको ठिक

(अ) लाग्छ ( ) (आ) लाग्दैन ( )

(घ) म पढ्नबाहेक अरू पनि काम गर्न ठिक

(अ) ठान्छु ( ) (आ) ठान्दिनँ ( )

(ङ) म पढेको कुरा व्यवहारमा

(अ) उतार्छु ( ) (आ) उतार्दिनँ ( )

२. तलका प्रश्नको उत्तर लेख :

(क) कस्तो मानिस सामाजिक हुन्छ ?

(ख) सामाजिक आचरणमा कस्ता कुरा पर्छन् ?

(ग) विद्यार्थीको जिम्मेवारी के हो ?

(घ) पढाइलाई सार्थक बनाउन हामीले के गर्नुपर्छ ?

Curriculum Development Centre

३. तल लेखिएका काम गर :

(क) पढाइबाहेक घर र विद्यालयमा आफूले गर्ने एक दिनका कामहरूको सूची बनाई कक्षामा प्रस्तुत गर ।

(ख) विद्यालयमा पाठ्य पुस्तक वितरण भइरहेको छ । विद्यार्थीहरू लाइनमा बसेर पालैपालो पाठ्य पुस्तक लिइरहेका छन् । एक जना विद्यार्थी सबैलाई धकेल्दै अगाडि गएर पहिले लिन खोज्छ । त्यस्तो विद्यार्थीलाई तिमी कस्तो सुझाव दिन्छौ, लेख ।

(ग) कक्षामा हल्ला गर्ने, बेन्चमा टेक्ने, फोहोर गर्ने र अर्काको कापी तथा किताब च्यात्ने विद्यार्थीलाई यी काम गर्नबाट रोक्न बनाइने साझा नियमको नमुना तयार पारी कक्षामा प्रस्तुत गर ।

(घ) तल दिइएको अनुच्छेद पढेर यसले के सन्देश दिन खोजेको छ, लेख :

बाँसटारी गाउँको माझमा उजेली दिदीको घर छ । दिदीका मन्चली र चन्चली नामका दुइटी छोरी छन् । उनीहरूको एउटा भाइ पनि छ । भाइको नाम मनजित हो । मन्चली बार, चन्चली दस र मनजित आठ वर्षका भए । पोहोरसम्म सबै जना सँगै स्कुल जान्थे । एकदिन स्कुलबाट दौडेर घर आउँदा लडेर चन्चली घाइते भइन् । उनको गोडामा समस्या देखियो । हिँड्न नसक्ने भइन् । उजेली दिदीले राम्ररी हिँड्न नसक्ने भनेर चन्चलीलाई स्कुल पढाउनै छोड्नुभयो । चन्चलीले जान सक्छु, पढ्न सक्छु भन्दा पनि उजेली दिदीले सुन्नु नै भएन । चन्चलीको पढाइ बिचमै छुट्यो । छिमेकी नन्दमाया पनि गाउँकै स्कुलमा नौ कक्षामा पढ्छिन् । सबैजना उनको पढाइ राम्रो छ भन्छन् । उनी सधैँ कक्षामा पहिला हुन्छिन् । पुरस्कार पनि पाउँछिन् । नन्दमाया सधैँ उजेली दिदीको घरको आँगननेरबाट स्कुल जान्छिन् । "चन्चली हो, मलाई पनि स्कुल जान मन लागेको छ ।" भन्छिन् । उजेली दिदीले चन्चलीलाई स्कुल नपठाएको कुरा नन्दमायालाई राम्ररी थाहा छ । तर उनी चन्चलीको अनुरोध सुनेको नसुन्यै गरी स्कुल जान्छिन् । बाँसटारी गाउँका मानिस नन्दमायाको पढाइको प्रशंसा गर्छन् । अस्ति बाटामा गाउँकै शेरध्वज दाइले नन्दमायाका आमाबुबासँग उनको पढाइको तारिफ गर्नुभयो । शेरध्वज दाइको कुरा सुनेर आमाबुबाले भन्नुभयो, "ठिकै भन्नुभयो, शेरध्वज भाइ ! नन्दमायाको पढाइ देखेर मलाई पनि सारै खुसी लागेको छ । तर उनकी आमाले आज कुन औषधी कति बजे खाने हो, पुर्जा हेरेर भनिदेऊ न नानी ! भनेकी त, झर्कँदै 'नाइँ' भन्दै खेल्न पो हिँडी" । पढेर, जानेर मात्रै त भएन नि । त्यसलाई व्यवहारमा उतार्न पनि त सिक्नुपर्‍यो नि होइन र ?

Curriculum Development Centre

# एकाइ ४ सामूहिक जीवन पद्धति र विविधता







सिकाइ उपलब्धि

- असल सामाजिक संस्कृतिको निर्माणमा सहयोग गर्न
- नैतिक विकासमा सहयोग पुऱ्याउने स्थानीय अभ्यासहरूलाई निरन्तरता दिन
- वैयक्तिक, सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्न

Curriculum Development Centre

# पाठ : १ शिक्षाको महत्व

अपेक्षित व्यवहार

- अरूको कुरा ध्यानपूर्वक सुनी शिष्ट शैलीमा आफ्नो कुरा व्यक्त गर्न
- सामाजिक विकृति हटाउने काममा तत्पर रहन
- सरल, मौलिक र सद्भावपूर्ण व्यवहार प्रदर्शन गर्न
- अरूको विचार र भावनाको कदर गर्न

शिक्षा दिवसको उपलक्ष्यमा विद्यालयमा विभिन्न कार्यक्रमको आयोजना हुँदै छ । तीमध्ये प्रवचन, सत्सङ्गत आदि प्रमुख कार्यक्रम छन् । विद्यालय व्यवस्थापन समितिले सबै बालबालिका, अभिभावक र गाउँलेहरूलाई कार्यक्रममा भाग लिन अनुरोध गरेको छ । प्रवचनका लागि गाउँका वरिष्ठ शिक्षाविद्लाई आमन्त्रण गरिएको छ । उनको प्रवचन यस्तो छ :

आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरू,

साथै प्यारा विद्यार्थी भाइबहिनीहरू !

सर्वप्रथम शिक्षा दिवस जस्तो पवित्र दिनमा प्रवचन गर्न बोलाउनुभएकामा तपाईंहरू सबै जनाप्रति कृतज्ञता व्यक्त गर्दछु ।

शिक्षाको आवश्यकता र महत्व के कति छ भन्ने कुरा तपाईंहरूमध्ये धेरै जनाले बुझिसक्नुभएको छ । शिक्षाकै कारणले हामी सभ्य र सामाजिक प्राणी हुन सकेका हौँ । यो मानिसको भविष्यको दियो र देश विकासको आधार पनि हो । शिक्षाले मानिसलाई बुद्धिमान् तथा आचारवान् बनाउँछ ।

तपाईंहरूलाई थाहै छ, अहिले समाजमा आचरणको विकास र अभ्यास दुवै आवश्यक छ । हामीले हाम्रो आचरणलाई अरूको हित र अनुकूल हुने गरी विकास गर्नुपरेको छ । अरूको कुरा सुन्ने र स्वतन्त्रतापूर्वक आफ्नो कुरा राख्ने बानीको विकास गर्नुपर्छ । कतिपय मानिसमा अरूको कुरै नसुनी

---

शिक्षण सुझाव

- विद्यार्थीहरूको असल आचरणमा पर्ने कुराहरूबारे जोडी समूहमा छलफल गराउनुहोस् । आफूमा ती कुराहरू भए नभएको बारे विद्यार्थीहरूलाई नै भन्न लगाउनुहोस् ।
- लोकतान्त्रिक अभ्यासमा पर्ने कुराहरूबारे विद्यार्थीहरूलाई भन्न लगाउनुहोस् । उनीहरूले भन्न नसकेका कुराहरू आफूले स्पष्ट पारिदिनुहोस् ।
- आफ्नो टोल/समुदायमा तिमीहरूले देखेका नराम्रा कुरा के छन् भनी सोध्नुहोस् । तिनलाई हटाउन गर्नुपर्ने कामहरूको सूची बनाई प्रस्तुत गर्न लगाउनुहोस् ।



Curriculum Development Centre

आफ्नो मात्र विचार थोपर्ने बानी हुन्छ । त्यस्तो बानी राम्रो होइन । सबैको भावना एवम् विचारको सम्मान गर्ने आचरण हामीमा विकसित हुँदै जानुपर्छ । हामी प्रत्येक मानिसले आफूलाई ठिक बनायौँ भने त्यो नै हाम्रो आचरणको सामाजिक विकास हो । सबैका तर्क, भावना, विचार एवम् असल कामको सम्मान र अनुमोदन गर्ने काम लोकतान्त्रिक अभ्यास हो । यसबाट हामी समाजमा असल संस्कार र संस्कृतिको निर्माण गर्न सक्छौँ ।

म विशेष गरी विद्यार्थी भाइबहिनीहरूलाई भन्छु, "हामी शिक्षा, सिप, संस्कार र संस्कृति सँगसँगै बढाऔँ ।" अहिले शिक्षामा अनेकौँ शाखाको विकास भएको छ । संसारमा शिक्षित मानिसको सङ्ख्या पनि बढ्दै छ । तर शिक्षाभित्र आफ्नो मौलिक संस्कार र संस्कृति हिजोआज कमजोर हुन थालेको कुरा मानिसहरू भन्ने गर्छन् । तपाईंहरू शिक्षाकै लागि भविष्यमा संसारका विभिन्न ठाउँ पुग्न सक्नुहुने छ । असल शिक्षा पनि पाउनुहोला । तर आफ्नो मौलिकता कायम राख्न सक्नुभएन भने फलदायी हुँदैन । जरा सुकेको बोटले मिठा फलफुल दिन सक्छ र ?



हामीले एक अर्कासँग बोल्ने बोली, गर्ने व्यवहार र देखाउने जीवन शैलीमा हाम्रो आचरणको स्तर झल्किने गर्छ । असल आचरणले व्यक्तिलाई पनि असल बनाउँछ । यस्तो व्यक्तिले समाजमा असल संस्कृतिको निर्माण गर्छ । त्यस्तो समाज नै वास्तविक मानव समाज हो । यसतर्फ हाम्रो ध्यान जानु आवश्यक छ । पुरानो समयमा दिइने शिक्षाले संस्कार र संस्कृतिलाई जोड दिन्थ्यो । मानिसलाई आफ्नो आचरणको पालनामा ध्यान दिन्थ्यो । अहिले शिक्षा लिने र दिने शैली फरक छ । यसले मानिसको आचरणमा पनि परिवर्तन ल्याएको छ । मानिसको शरीर पहिले जस्तो थियो अहिले पनि त्यस्तै छ । तर उसको आचरण र व्यवहार फरक हुँदै गएको छ । पुरानो शिक्षाका असल गुण अहिले पनि आवश्यक छन् भन्ने मलाई लाग्छ । सँगै हिँडौँ, सँगै खाऔँ, सँगै मिलेर काम गरौँ, सबैले सबैका मनका कुरा बुझेर सहकार्य गरौँ जस्ता मान्यता र लोकतान्त्रिक आचरण सधैँ फलदायी नै हुन्छन् ।

शरीर भएपछि रोग लाग्छ भने झैँ समाज भएपछि त्यहाँ खराबी पनि आउँछ । असल संस्कृतिका निर्माता मात्र होइन विकृतिका जन्मदाता पनि हामी मानिस नै हौँ । कुलतमा लाग्ने, झैझगडा गर्ने र छुत अछुतको



Curriculum Development Centre

भेदभाव गर्ने काम सामाजिक विकृति हुन् । यिनको निराकरणका लागि पनि हामी सक्रिय हुनुपर्छ । जन्मँदैमा मानिस असल वा खराब हुने होइन । घर परिवार र समाजको प्रभाव परेपछि मात्र मानिस असल वा खराब हुने हो । तपाईं हामी सबै मिलेर समाजका कुरीति हटाउन लाग्नुपर्छ । असल कामबाट नै सुन्दर भविष्य निर्धारण हुन्छ । विद्यार्थी अवस्थादेखि नै अठोट गऱ्यौं भने हामी समाजलाई असल बनाउन सक्छौँ । यसमा विद्यार्थी भाइबहिनीहरूको विशेष ध्यान जाने छ भन्ने कुरामा म विश्वस्त छु । अन्त्यमा, प्रवचन शान्तिपूर्वक सुनिदिनुभएकामा सबैलाई धन्यवाद छ । नमस्कार !

सारांश

समाजमा सबै वर्गका मानिसको आआफ्नो दायित्व छ । तीमध्ये शिक्षित वर्गको अझ बढी छ । मानिसमा आचरणको विकास र अभ्यास आवश्यक छ । सबैका लागि स्विकार्य आचरण नै लोकतान्त्रिक हुन्छ । यो लोकतन्त्रको आदर्श पनि हो । शिक्षा, संस्कार र संस्कृतिको संयुक्त प्रगतिबाट मानिस पूर्ण हुन्छ । मौलिक संस्कृतिबाट प्रेरित र प्रभावित शिक्षा उत्तम हो । समाजमा विकृति पनि हुन सक्छन् । तिनको निवारणका लागि समाजका सबै वर्ग लाग्नुपर्छ । शिक्षित वर्ग अझ बढी सक्रिय हुनुपर्छ । त्यसपछि राम्रो समाज र असल संस्कृति विकसित हुन्छन् ।

## अभ्यास

१. खाली ठाउँ भरेर आफ्नो मूल्याङ्कन आफैँ गर :

(क) म बिहान ............ बजे उठ्छु ।

(ख) म उठेपछि सबैभन्दा पहिले ........ काम गर्छु ।

(ग) म बिहान ............ घन्टा पढ्छु ।

(घ) म नियमित रूपमा विद्यालय .........।

(ङ) मेरो मुख्य काम ............ हो ।

(च) माथि लेखिएको विवरणका आधारमा म ........ विद्यार्थी हुँ ।

२. तलका प्रश्नको छोटो उत्तर लेख :

(क) शिक्षाले के गर्छ ?

(ख) हामीमा कस्तो आचरण हुनुपर्छ ?

(ग) लोकतान्त्रिक अभ्यास भनेको के हो ?

(घ) शिक्षालाई फलदायी बनाउन के गर्नुपर्छ ?

(ङ) पुरानो शिक्षाका असल कुरा के हुन् ?

(च) सामाजिक विकृति भन्नाले के बुझिन्छ ?

Curriculum Development Centre

३. तल लेखिएका कार्यहरू गर :

(क) कक्षाका साथीहरू मिली 'हाम्रो आचरण र व्यवहार' शीर्षकमा एक जनाले कक्षामै प्रवचन दिने कार्यक्रमको आयोजना गर । एक जनाले प्रवचनको सारांश तयार पारी प्रवचन सकिएपछि कक्षामै प्रस्तुत गर ।

(ख) तिमीहरूलाई असल काम गर्न मन लागेको छ भने कहाँबाट कुन काम गरेर यसको थालनी गर्छौ ? छोटो विवरण तयार पारी कक्षामा प्रस्तुत गर ।

(ग) कक्षा कोठामा सामाजिक अन्तरक्रिया किन आवश्यक छ ? कुन कुन क्षेत्रमा यो आवश्यक हुन्छ भन्ने विषयमा विद्यार्थीबिच छलफल गरी प्रतिवेदन तयार पार र कक्षामा प्रस्तुत गर ।

४. 'आचरण र व्यवहार बाल्यकालदेखि नै घरबाटै सिकिँदै आएको हुन्छ ।' यस कुरालाई विद्यार्थीबिच समूह समूह बनाएर छलफल गर ।

५. तिम्रो समुदायमा रहेका सुधार गर्नुपर्ने पाँच ओटा विकृतिहरूको सूची बनाऊ ।

६. तलका शब्दहरू अध्ययन गरी तालिकाको उपयुक्त स्थानमा भर :

- सबैका तर्क, भावना, विचार एवम् असल कामको सम्मान
- सँगै हिडौँ, सँगै खाऔँ, सँगै मिलेर काम गरौँ
- स्वतन्त्रतापूर्वक आफ्नो कुरा राख्ने बानीको विकास
- कुलतमा लाग्ने, झैझगडा गर्ने र छुत अछुतको भेदभाव गर्ने

| लोकतान्त्रिक अभ्यास | लोकतान्त्रिक आचरण | सामाजिक विकृति | सामाजिक मान्यता |
|---|---|---|---|
| | | | |

Curriculum Development Centre

# पाठ : २ नैतिक अभ्यास

अपेक्षित व्यवहार

- सामाजिक शिष्टाचार निर्वाह गर्न
- उपकारी व्यक्ति र वस्तुप्रति कृतज्ञ हुन
- प्रकृतिप्रति प्रेमभाव राखी संरक्षणमा सचेत रहन
- जन्मभूमिको हित हुने काम गर्न

धेरै पहिलेको कुरा हो । एउटा विद्यालयमा शिक्षक र विद्यार्थीका बिच ज्ञानगुनको कुरा चल्दै थियो । शिक्षकले प्रश्न गर्थे र विद्यार्थीले उत्तर दिन्थे । यसै क्रममा एक दिन शिक्षकले सोधे, "को के हुँदा खुसी हुन्छ ?"

एकथरी विद्यार्थीले भोको मानिस पेटभरि खान पाउँदा खुसी हुन्छ भने । अर्काथरीले गरिबले धेरै धन पायो भने खुसी हुन्छ भन्ने उत्तर दिए । कसैले गुरुले हामीलाई राम्रो ठाउँमा घुमाउन लैजानुभयो भने खुसी हुन्छौँ भने । कसैले असफल मानिस सफल भए खुसी हुन्छ पनि भने । कुनै विद्यार्थी पढाइमा त्यति ध्यान दिने खालका थिएनन् । उनीहरूले सोझै भने, "गुरु ! हामी त छिट्टै छुट्टी भएर घर जान पाए खुसी हुन्छौँ ।" विद्यार्थीहरूले यस्तै विभिन्न प्रकारका उत्तर दिँदै थिए । सबैको उत्तर सुनिसकेपछि अन्तिममा सुलेखाले भनिन्, "कोइली वसन्त ऋतु आउँदा खुसी हुन्छ । मयूर वर्षा काल सुरु हुँदा खुसी हुन्छ । दुर्जन अरूलाई आपत्ति आइपर्दा खुसी हुन्छ र सज्जन सबै प्राणीको हित हुँदा खुसी हुन्छन् । आमाबाबु छोराछोरीको उन्नति हुँदा खुसी हुन्छन् । गुरु अरूले असल आचरण र सम्मान गरिदिँदा मात्र पनि खुसी हुन्छन् ।" यो उत्तर सुनेर शिक्षक धेरै खुसी भए । उनले सुलेखालाई धन्यवाद दिए ।

शिष्टाचार समाजको गहना हो । एक अर्कामा नमस्कार, अभिवादन, कृतज्ञता र धन्यवाद ज्ञापन गर्नु शिष्टाचार हो । शिष्टाचारले मानिसलाई एक अर्काबिच नजिक बनाउँछ । भेट हुँदा, सम्बोधन गर्दा, टाढा बसेको मानिससँग सम्पर्क हुँदा देखाइने शिष्टाचारले मानिसको सम्बन्ध स्थायी र बलियो पनि हुन्छ । सामाजिक शिष्टाचार कुनै परिश्रम र खर्च नगरी पालना गर्न सकिन्छ । यो क्रम घर परिवारबाट सुरु हुन्छ । छरछिमेकमा यसको अझ बढी अभ्यास गर्न सकिन्छ । हाम्रा छरछिमेकमा

शिक्षण सुझाव

- घर परिवारका सदस्यसँग केही समयपछि भेट हुँदा, छिमेकीलाई भेट्दा र साथीहरूसँग भेट भएको बेला अभिवादनका लागि के कस्ता शब्दहरूको प्रयोग गर्छौं भनी विद्यार्थीलाई सोध्नुहोस् । उनीहरूले भनेका शब्दहरू कालोपाटीमा टिप्नुहोस् र ती शब्दहरू प्रयोग गर्नाको कारणबारे उनीहरूबिच छलफल गराउनुहोस् ।
- वनस्पतिबाट तिमीहरूले के लाभ लिएका छौ भनी विद्यार्थीहरूलाई सोध्नुहोस् । उनीहरूले उत्तर भनिसकेपछि तिनको सुरक्षाका लागि गर्न सक्ने उपायबारे कक्षामा छलफल गराउनुहोस् ।



Curriculum Development Centre

विभिन्न रुचि, वर्ग, सोचाइ, संस्कार र आस्थाका मानिस हुन सक्छन् । उनीहरूको चालचलन पनि बेग्लै हुन सक्छ । तर शिष्टाचारका लागि हामी सबैले सबैलाई अभिवादन गर्नुपर्छ र कृतज्ञता पनि जनाउनुपर्छ । अवस्थाअनुसार एक अर्कामा हाँसेर पनि शिष्टाचारको पालना गर्न सकिन्छ । मुस्कानको भाषा संसारका सबै मानिसले बुझ्छन् भन्ने भनाइ छ । सबैले सबैलाई खुसी पार्न, हार्दिक सम्बन्ध कायम गर्न र सहयोगको आदान प्रदान गर्न पनि शिष्टाचारको पालना आवश्यक छ । यसले मानिसको नैतिक उचाइ र अभ्यासलाई बुझाउँछ ।

मानिसले अरूबाट विभिन्न सहयोग लिइरहेको हुन्छ । त्यसो नभए उसको जीवन चल्न कठिन हुन्छ । सहयोगका लागि सहयोगीप्रति कृतज्ञता र धन्यवाद प्रकट गर्नुपर्छ । कुनै कुनै धर्मग्रन्थमा सहयोगीलाई वास्ता नगर्ने मानिस अपराधी बराबर हुन्छ भनिएको पाइन्छ । यसबाट पनि यो शिष्टाचार कति महत्त्वपूर्ण रहेछ भन्ने थाहा हुन्छ ।



अभिवादन गर्ने र कृतज्ञता तथा धन्यवाद प्रकट गर्ने मानिसलाई लाभ पनि हुन्छ । नीति शिक्षा सिकाउने पुराना किताबहरूमा त अभिवादन गर्ने मानिसलाई चार ओटा लाभ हुन्छन् भन्ने स्पष्ट उल्लेख पाइन्छ । ती चार ओटा लाभ हुन् : (क) आयु लामो हुन्छ, (ख) धेरै पढ्न आउँछ, (ग) राम्रो नाम सबैतिर चल्छ र (घ) शक्ति प्राप्त हुन्छ । यी चार ओटा कुरा नचाहने मानिस कोही पनि छैन ।

मानिसलाई सहयोग तथा उपकार पृथ्वी र बोट वनस्पतिले पनि गरिरहेका छन् । मानिस सबै थोक यही पृथ्वीमा गर्छ । पृथ्वीलाई खन्छ, जोत्छ, अन्न उत्पादन गर्छ, खान्छ र फोहोर पनि यहीँ गर्छ । पृथ्वीले सबै सहेको देखिन्छ । मानिस सानो बच्चा र पृथ्वी आमा जस्ता छन् । पृथ्वीलाई धरती माता भन्नुको कारण यही हो । राष्ट्रकवि माधवप्रसाद घिमिरे आफ्ना रचनामा यस्तो भन्नुहुन्छ :



Curriculum Development Centre

म पुत्र तिम्रो तिमी धर्ती माता
अटूट माटो मुटुको छ नाता ।

यस्ती धरती माताप्रति पनि मानिस कृतज्ञ हुनु नै पर्दछ । आफूलाई जन्माउने आमाका साथै आफू जन्मेको देश पनि आमासरह हुन्छ । आमा र जन्मभूमि स्वर्गभन्दा ठुला हुन्छन् भन्ने भनाइ छ, जननी जन्मभूमि हुन् स्वर्गभन्दा पनि ठुली । यिनीहरूप्रति हामी सधैँ कृतज्ञ हुनुपर्छ । आमा, जन्मभूमि र धर्ती माताले लगाएको गुन मानिसले लाखौँ वर्षको आयु पाए पनि तिर्न सक्दैन । केही गर्न नसके पनि फोहोर बनाउने काम नगरेर हामी यिनीहरूप्रति कृतज्ञ बन्न सक्छौँ । बोट बिरुवा पनि मानिसका असल मित्र हुन् । हामीबाट तिनले केही लिँदैनन् तर हामीलाई धेरै कुरा दिन्छन् । फलफुल, औषधी, शीतलता बोट बिरुवाबाटै पाउँछौँ । बोट बिरुवाले वातावरण स्वच्छ राख्न मद्दत गर्छन् । प्राणवायु (अक्सिजन) सफा बनाएर हामीलाई स्वस्थ राख्ने बोट बिरुवाप्रति पनि कृतज्ञता जनाउनुपर्छ ।

समुद्र, खोला, नदी, हिमाल, सूर्य, चन्द्रमा र ताराहरूबाट पनि मानिसले अनेक लाभ लिइरहेको छ । तिनीहरू नभए संसारमा मानिस र अन्य प्राणीको समेत अस्तित्व रहन सक्दैन । तिनीहरूप्रति हामी सधैँ कृतज्ञ हुनुपर्छ । मानिसलाई जीवन बिताउन मानिस र प्रकृति दुवै वर्गको सहयोग र उपकार आवश्यक छ । घर परिवार, छरछिमेक र विद्यालयमा शिष्टाचारको पालना गरेर मानिस नैतिक बाटोमा अघि बढ्छ । नैतिकता कुनै औषधी उपचारले देखाउन सकिने व्यवहार होइन । यो मानिसको बाल्य कालदेखि घर परिवार, छरछिमेक हुँदै विकसित हुने व्यवहार हो । यस्तो व्यवहार हामी आफूलाई सहयोग र उपकार गर्ने व्यक्ति, वर्ग र प्रकृतिप्रति कृतज्ञ भएर देखाउन सक्छौँ । प्रकृति पनि हाम्रा लागि नबोल्ने गुरु नै हो । यस्ता गुरुलाई नमस्कार र अभिवादन गरेर एवम् कृतज्ञता देखाएर हामी पनि आशीर्वाद पाउन सक्छौँ ।

सारांश

समाजमा शिष्टाचारको पालना आवश्यक मान्यता हो । एक अर्कामा अभिवादन, कृतज्ञता एवम् धन्यवाद व्यक्त गरेर शिष्टाचार पालना गर्नुपर्छ । यसबाट मानवीय सम्बन्ध हार्दिक र स्थायी बन्छ । मानिस सहयोग लिने र दिने प्राणी हो । उसले व्यक्ति र समाजबाट विभिन्न सहयोग लिएर जीवन बिताइरहेको हुन्छ । यस्तो सहयोग र परोपकारप्रति मानिस कृतज्ञ हुनुपर्छ । मानिसले प्रकृतिबाट पनि अनेकौँ लाभ लिइरहेको छ । प्रकृति र पृथ्वीको सहयोगबिना उसको अस्तित्व सम्भव छैन । व्यक्तिदेखि प्रकृतिसम्म कृतज्ञता देखाउनु पनि मानिसको नैतिक कर्तव्य हो ।

Curriculum Development Centre

## अभ्यास

१. आफ्नो मूल्याङ्कन आफैँ गर :

(क) म भेट हुँदा सबैलाई अभिवादन

(अ) गर्छु ( ) (आ) गर्दिनँ ( )

(ख) म सहयोग र उपकार गर्ने व्यक्तिप्रति कृतज्ञ

(अ) हुन्छु ( ) (आ) हुन्नँ ( )

(ग) म पृथ्वी र बोट बिरुवाको पनि सहयोग

(अ) लिन्छु ( ) (आ) लिन्नँ ( )

(घ) प्रकृतिप्रति कृतज्ञ हुनुपर्छ भन्ने मेरो मान्यता

(अ) छ ( ) (आ) छैन ( )

(ङ) म जन्मभूमिको हित हुने काममा

(अ) लाग्छु ( ) (आ) लाग्दिनँ ( )

२. तल दिइएका प्रश्नको छोटो उत्तर लेख :

(क) शिष्टाचारबाट हुने फाइदा के हुन् ?

(ख) सहयोगीलाई वास्ता नगर्ने मानिस कस्तो हुन्छ ?

(ग) अभिवादन गर्ने मानिसलाई हुने चार ओटा लाभ के के हुन् ?

(घ) पृथ्वीलाई माता भन्नुको कारण के हो ?

(ङ) बोट बिरुवाले मानिसलाई कसरी मद्दत गर्छन् ?

(च) नैतिकता कस्तो व्यवहार हो ?

३. पाठको सुरुमा दिइएको कथाको सारांश लेख ।

४. तल दिइएका प्रश्नका उत्तर लेखी कक्षामा प्रस्तुत गर :

(क) आफ्नो घर परिवारका कम्तीमा तिन जना सदस्यलाई "तपाईं के भयो भने सबैभन्दा बढी खुसी हुनुहुन्छ" भनेर सोध र पाएको उत्तर निम्न लिखित ढाँचामा कक्षामा प्रस्तुत गर :

| क्र.स. | प्रश्न सोधेका परिवारका सदस्यसँगको नाता | उत्तर |
|---|---|---|
| | | |

Curriculum Development Centre

(ख) तिम्रो टोल/समुदायमा मानिसहरू भेट भएर बोल्न सुरु गर्नुभन्दा अघि अभिवादन जनाउन के कस्ता शब्द प्रयोग गर्छन् ? जानेका शब्द टिपोट गरी ल्याऊ र कक्षामा सुनाऊ ।

(ग) जन्मभूमिका लागि विद्यार्थी जीवनमा र त्यसपछि आफूले गर्ने मुख्य तिन तिन ओटा काम निम्न लिखित ढाँचामा प्रस्तुत गर :

| विद्यार्थी जीवनमा गर्ने | विद्यार्थी जीवनपछि गर्ने |
|---|---|
| (अ) | अ) |
| (आ) | (आ) |
| (इ) | (इ) |

(घ) पाठमा उल्लेख भएका बाहेक मानिस कृतज्ञ हुनुपर्ने कुनै चार व्यक्ति/वस्तुको नाम लेखी कक्षामा प्रस्तुत गर ।

(ङ) तलका अभिवादन जनाउने शब्दहरू पढ र बुझ :

| अभिवादनका लागि प्रयोग गरिने शब्द | प्रयोग गर्ने समुदाय |
|---|---|
| प्रणाम् | मैथिल, अवधी |
| गोडलागी | थारु |
| राम राम | राना थारु |
| सेवारो | लिम्बु |
| फ्याफुल्ला | तामाङ |
| सलामवालेकुम | मुसलमान |
| सेवा | वान्तवा राई, थामी |
| जोजोलोपा : | नेवार |
| झोर्ले, जेधो | मगर |
| टसिदेलेक | शेर्पा |
| फ्योफुल्ला | गुरुङ |
| ज्वोहारा | सन्थाल |
| बन्दगी | राजवंशी |

Curriculum Development Centre

# पाठ : ३ सबैको सम्मान आफ्नै सम्मान

**अपेक्षित व्यवहार**

- लोकतान्त्रिक आचरण प्रदर्शन गर्न
- आफ्नो समाजमा रहेका धार्मिक, सांस्कृतिकलगायतका विविधताको पहिचान र सम्मान गर्न
- फरक मतलाई सम्मान गर्दै समूहमा काम गर्ने बानी बसाल्न




**शिक्षण सुझाव**

(क) आफ्नो समुदायको धार्मिक, सांस्कृतिक, लैङ्गिक, अपाङ्गता र वर्गीय विविधताको पहिचान गर्ने र सम्मान गर्ने विभिन्न अभ्यासहरू गराउनुहोस् ।

(ख) विविधताको पहिचान र सम्मान गर्ने स्थानीय प्रचलन र अभ्यासको खोजी गरी भूमिका अभिनय गर्न उत्प्रेरित गर्नुहोस् ।

Curriculum Development Centre




गाउँबारे जानकारी लिऔँ :

दोभानटार गाउँ निकै सुन्दर छ । दोभानटारमा विभिन्न प्रकारका मानिसको बसोबास छ । यहाँका मानिस विभिन्न धर्म मान्छन् । यहाँ विभिन्न जात जातिका मानिस छन् । यिनीहरूको धार्मिक, शैक्षिक, सामाजिक र सांस्कृतिक आस्था फरक फरक छन् । यहाँ अशक्त, अपाङ्ग र फरक क्षमताका मानिस पनि प्रशस्त छन् । यी मानिसको पेसा पनि भिन्न भिन्न छ ।

दोभानटारको प्राकृतिक सौन्दर्य हेर्न र सामाजिक अवस्था बुझ्न थुप्रै मानिस आउने गर्छन् । दोभानटार सुन्दर र शान्त पनि छ । गाउँमा पुराना मूल्य तथा मान्यता कायम छन् भने नयाँ मूल्य तथा मान्यता भित्रिँदै छन् । यहाँका मानिस बुद्धिमान् पनि छन् ।

दोभानटारमा विभिन्न जातजाति तथा धर्म सम्प्रदायका मानिस मिलेर बस्छन् । सामूहिक रूपमा काम गर्न रुचाउँछन् । काम गर्नुभन्दा अगाडि छलफल गर्छन् । अरूको कुरा ध्यानपूर्वक सुन्छन् । फरक विचार राख्नेलाई पनि साथ लिएर काम गर्छन् । जुनसुकै धर्म, मूल्य मान्यता वा संस्कारको भए पनि चाड, पर्व, उत्सव, जात्रा आदिमा सबैले सबैलाई सहयोग गर्दछन् । नियम र कानुनको पालना गरी विकास निर्माणका काम गर्न आफैँ अग्रसर हुन्छन् । उक्त कार्यमा प्राप्त अवसरको न्यायोचित रूपमा वितरण गर्दछन् । ज्येष्ठ नागरिक, अशक्त, अपाङ्ग र विपन्न वर्गप्रति सामूहिक जिम्मेवारी ठानेर सहयोगी व्यवहार गर्छन् ।

गाउँका मान्य व्यक्तिले दिएको सुझाव सबैले विशेष ध्यान दिई सुन्छन् । सबैसँग छलफल गरी निर्णयमा पुग्छन् । भेटघाट हुँदा आआफ्नो चलनअनुसार अभिवादन गर्छन् । कसैले असामाजिक काम गर्‍यो भने उसलाई सम्झाउने र बुझाउने काम गर्छन् । केही नलागे मात्र कसुरअनुसारको दण्ड सजाय दिने निकायमा बुझाइदिन्छन् । उसको व्यवहार सुधारका लागि सबैले सहयोग गर्छन् ।

Curriculum Development Centre

सामूहिक काममा महिला तथा बालबालिकालाई अनिवार्य सहभागी गराई उनीहरूको भावना, विचार र सल्लाहलाई ध्यान दिई निर्णय गर्छन् । सबै जाति, वर्ग र सम्प्रदायको सांस्कृतिक उन्नतिका लागि महिनाको एक पटक आलोपालो गरी सांस्कृतिक कार्यक्रम आयोजना गर्छन् । अशक्त, अपाङ्गता भएका व्यक्ति र विपन्नलाई हेप्ने, जिस्काउने गर्दैनन् । त्यसको सट्टा उनीहरूको फरक क्षमताको पहिचान गरी क्षमता प्रदर्शन गरेर आत्मनिर्भर बन्ने अवसर र वातावरणको निर्माण गर्छन् । यसैले यस गाउँमा लोकतान्त्रिक आचरणको पालना भएको छ भनी देश तथा विदेशबाट मानिस अध्ययन गर्न आउने गर्दछन् । यसै क्रममा कैलालीबाट गएको एक टोलीले उक्त ठाउँको अध्ययन गरी यस्तो निष्कर्ष निकालेको छ :

मिलेर बस्नु, सामूहिक रूपमा काम गर्नु, आपसमा छलफल गर्नु दोभानटार गाउँको मुख्य विशेषता हो । यहाँ सबैको विचारको कदर हुन्छ । यहाँका सबै मानिस नियम र कानुनको अधीनमा रही काम गर्छन् । यहाँ सबैप्रति समान व्यवहार हुन्छ । यहाँका सबै मानिस एक ठाउँमा जम्मा भएर सामूहिक छलफलबाट निर्णयमा पुग्छन् । गाउँका कसैले कसुर गरे कसुरअनुसारको दण्डका लागि सबैको एक मत हुन्छ । यसले गर्दा उनीहरूमा मिलेर बसौँ, बाँडीचुँडी खाऔँ भन्ने भावना विकसित हुँदै गएको छ ।

सारांश

दोभानटार गाउँमा लोकतान्त्रिक आचरणको विकास भएको छ । त्यहाँ सबैजना मिलेर बस्ने अवस्था यही आचरणबाट भएको हो । लोकतान्त्रिक आचारण भनेको मानवीय मूल्यको प्रवर्धन गर्नु हो । आफ्नो कर्तव्य र अधिकारको सन्तुलन राख्नु हो । व्यक्तिगत, सामाजिक र राष्ट्रिय तहमा शान्ति, भाइचारा र विश्व बन्धुत्वको भावनाको अनुसरण गर्नु पनि लोकतान्त्रिक आचरण नै हो । यसका लागि स्वयम् सरिक हुने र अन्य व्यक्तिलाई पनि सरिक हुन प्रेरित गर्नुपर्छ । सामाजिक सहिष्णुताका साथ सामूहिक जीवन पद्धतिको विकास एवम् चरित्र निर्माणका पक्षमा लोकतान्त्रिक आचरणले सहयोग गर्छ ।

लोकतान्त्रिक आचरणलाई व्यक्ति, समुदाय र समाजले व्यवहारमा उतार्दा मात्र सबैको हित हुन्छ । यस्तो आचरणका लागि व्यक्तिदेखि समुदाय र समाजको समान भूमिका हुन्छ । यी तिन ओटै अङ्गमा प्रशस्त विविधता हुन्छ । अत: विविधताको सम्मानबाट नै लोकतान्त्रिक आचरण र व्यवस्था सबल एवम् सफल हुन्छ ।

Curriculum Development Centre

## अभ्यास

१. आफ्नो मूल्याङ्कन आफैँ गर :

(क) मलाई मेरो अधिकार र कर्तव्यका बारेमा थाहा

(अ) छ ( ) (आ) छैन ( )

(ख) म मेरोभन्दा फरक विचार राख्नेसँग पनि सहकार्य गर्न मन

(अ) पराउँछु ( ) (आ) पराउँदिनँ ( )

(ग) म सबैका लागि समान अवसर

(अ) दिन्छु ( ) (आ) दिन्नँ ( )

(घ) मेरो लक्ष्य लोकतान्त्रिक आचरणको पालना गर्नु

(अ) हो ( ) (आ) होइन ( )

(ङ) म सबै समुदायको उन्नति र प्रगति गर्ने उद्देश्य

(अ) लिन्छु ( ) (आ) लिन्नँ ( )

२. छोटकरीमा उत्तर लेख :

(क) दोभानटारमा पाइने विविधताको सूची तयार पार ।

(ख) दोभानटारका मानिसमा पाइने लोकतान्त्रिक आचरणका बुँदाहरू टिपोट गर ।

(ग) नियम र कानुनको पालना गर्न के के गर्नुपर्छ, सूची बनाऊ ।

(घ) तिमी बस्ने ठाउँमा लोकतान्त्रिक आचरण पालना भएको छ भनी तर्क देऊ । साथै यदि सुधारका पक्ष छन् भने उल्लेख गर ।

३. पाठबाट मिल्दो शब्द खोजी तल दिइएको खाली ठाउँ भर :

(क) दोभानटारका मानिस ................ छन् ।

(ख) मान्यजनले दिएका सुझावलाई ........... गर्नुपर्छ ।

(ग) आत्मनिर्भर र स्वावलम्बी मानिस ........... हुन्छ ।

(घ) सानातिना कुरामा ........... गर्नु हुँदैन ।

(ङ) बालबालिकालाई काम मात्र गराउनु .......... होइन ।

४. तल दिइएका प्रश्नका उत्तर लेख :

(क) हाम्रो गाउँलाई दोभानटार जस्तो बनाउन तिम्रो अभिभावकले के के गर्न सक्नुहुन्छ ? उहाँसँग सोध र भनेबमोजिम लेखी कक्षामा प्रस्तुत गर ।



Curriculum Development Centre

(ख) कक्षा कोठा तथा विद्यालयमा रहेका विविधताको पहिचान र सम्मान गर्न के कस्ता कार्य गर्न सकिन्छ ? समूह निर्माण गर र सबैले शिक्षकलाई सोधी प्रतिवेदन तयार पार ।

(ग) समाजमा अशान्ति र बेमेलका कारण के के हुन सक्छन् ? अभिभावकसँग सोधी सूची बनाऊ ।

(घ) निम्नानुसारका प्रश्नका आधारमा टिपोट तयार पार :

(अ) तिम्रो घरपरिवार तथा समुदायमा के कस्ता विभेद छन् ?

(आ) तिम्रो समाजमा रहेका भेदभाव हटाउने उपाय के के हुन सक्छन् ?

(ङ) समाजमा मेलमिलाप कायम गर्न के के गर्नु आवश्यक छ ?

उल्लिखित प्रश्नका आधारमा तिम्रो घरपरिवार तथा समाजमा लोकतान्त्रिक आचरण छ कि छैन ? कारणसहित लेख ।

५. तलको चित्र हेर र सोधिएका प्रश्नका उत्तर देऊ :



(क) माथिको चित्रमा के भइरहेको होला ?

(ख) तिम्रो समुदायमा पनि यस्तो भेला हुने गर्छ त ?

(ग) तिमी सामुदायिक भेलामा जान्छौ कि जाँदैनौ ?

(घ) समाजको विकासका लागि हामी किन सक्रिय हुनुपर्छ ?

(ङ) माथिको भेलामा लोकतान्त्रिक आचरणको पालना भएको छ होला त ? तर्क देऊ ।

Curriculum Development Centre

एकाइ ५

# अनुशासन तथा सकारात्मक चिन्तन





Curriculum Development Centre

## सिकाइ उपलब्धि

- व्यक्तिगत, सामाजिक र सांस्कृतिक विविधताको सम्मान गर्न
- समाजका अशक्त, अपाङ्ग र असहाय वर्गसँग मैत्रीपूर्ण व्यवहार गर्न
- अनुशासनका पक्षहरू बुझी तिनलाई व्यवहारमा उतार्न
- असल कामको फाइदा बताई त्यस्तो काममा लाग्न

## पाठ : १

# म असल बन्छु

अपेक्षित व्यवहार

- विनम्र भई बोल्न र व्यवहार गर्न
- धीर, संयमी र सहनशील हुन
- राम्रो सङ्गतमा लाग्न
- सभ्य व्यवहार देखाउन
- ज्ञान र व्यवहारमा सन्तुलन कायम राख्न

(वसन्तलाई आज बेलुका खाना खान मन लागेन । विद्यालयमा दिउँसो भएको घटना उसका दिमागमा घुमिरहेको छ । सानो कमजोरीले ठुलो समस्या आउँदो रहेछ भन्ने वसन्तलाई लागेको छ । अरूले सानो गल्ती गऱ्यो भन्दैमा आफूले झन् ठुलो गल्ती गरेँछु भन्ने परेको छ । रात जति छिप्पिँदै छ, मनमा अनेकौँ तर्क र वितर्क पनि उति नै बढिरहेका छन् ।)

(भित्ताको घडी हेर्दै) ओहो ! दस बज्न लागिसकेछ । कस्तो निद्रा नलागेको । टाउको पनि दुखिरहेको छ । हिजो अस्ति कस्तो राम्रो निद्रा लाग्थ्यो । आज त चिन्ता र तनावले होला, निद्रा नै लाग्दैन । नैतिक शिक्षा पढाउने जुनु मिसले पोहोर साल भन्नुहुन्थ्यो - चिताले मरेकालाई चिन्ताले जिउँदालाई जलाउँछ । आफैँलाई परेपछि त मिसले भनेको कुरा सही हो जस्तो लाग्दो रहेछ ।

म कक्षामा बदमासी गर्ने अनुशासनहीन विद्यार्थी त होइन नि ! सबै शिक्षकहरूले मलाई माया गर्नुहुन्छ । मलाई राम्रो पढ्ने र अनुशासित विद्यार्थी मै गणना गर्नुहुन्छ । प्रधानाध्यापकले त अस्तिको त्रैमासिक परीक्षामा गणितमा धेरै अङ्क ल्याएको भनेर कलम पुरस्कार दिनुभएको थियो । हो, मैले आज अनुशासन तोडेर गल्ती नै गरेँछु क्यार ! नत्र उहाँहरूले मलाई दुई दिनका लागि विद्यालयबाट निष्काशन गर्नुपर्ने अरू कारण के छ र ? साथीले मेरो कापि धुलोमा फ्याँकिदियो भन्दैमा मैले उसलाई थप्पड हान्न नहुने । आफ्नै साथीलाई थप्पड हानेर म आफैँ कारबाहीमा परेँ । उसको भन्दा ठुलो गल्ती त मेरो पो देखियो !

साथीले कपी फ्याँकिदिएको घटना मैले प्रधानाध्यापकलाई भनेको भए पनि हुने । म त दोषी हुँदैनथेँ नि ! म आफैँ ऊमाथि जाइलागेँ । यो मैले कसरी गरेँ ?

---

शिक्षण सुझाव

- विद्यार्थीको अनुशासनभित्र पर्ने कुराहरू कुन कुन हुन् भनी सोध्नुहोस् । उनीहरूले भनेका कुरालाई बुँदागत रूपमा कालो पाटीमा लेखी छलफल गराउनुहोस् ।
- अनुशासनको पालना गर्नेले सुख पाएको र अनुशासन नमान्नेले दुःख पाएको कुनै नैतिक कथा सुनाई कथाको सन्देशबारे विद्यार्थीबिच छलफल गराउनुहोस् ।



Curriculum Development Centre

छुट्याउन आउनुभएको हीरा गुरुले पनि नराम्रो मान्नुभयो होला । मैले फर्किएर गुरुलाई 'तपाईँ जान्ने भएर माया देखाउन यहाँ नआउनुहोस्, आफ्नै कक्षामा पढाउन जानुहोस्' भनेँ । ओहो ! आफूलाई पढाउने गुरुलाई मैले त्यस्तो भन्न नहुने थियो । अरू दिन विनम्र भएर सबैसँग बोल्ने मेरो बानी त्यति बेला कहाँ हराएछ ? कुन किताबमा हो, पढेको पनि थिएँ - निकट भविष्यमा आपत्ति आउन लागेको छ भने मानिसको बुद्धि नाश हुन्छ अरे । राम्ररी पढ्ने म जस्तो अनुशासित विद्यार्थी दुई दिनकै लागि भए पनि विद्यालयबाट निष्कासित भएँ । साथीहरूले जिस्क्याए । घरमा गाली पनि खाइयो । दुई दिनको पढाइ छुट्यो । मेरा लागि योभन्दा अर्को आपत्ति के हुनु ? पोहोर साल जाडो बिदामा मामाघर जाँदा मामाले पुरस्कारका साथमा पाएको प्रमाण पत्र देखाउनुभएको थियो । त्यसको माथिपट्टि लेखेको वाक्य थियो -'विद्या ददाति विनयम् ।' यसको अर्थ सोध्दा मामा भन्नुहुन्थ्यो - विद्याबाट विनम्रता प्राप्त हुन्छ । विद्या आँखा र विनय हात हो रे ! मलाई त्यो कुरा निकै घत लागेको थियो । मैले आज त्यो कुरा कसरी बिर्सेँछु ? विद्या हासिल गरेर पनि विनय देखाइनँ मैले । मैले के पढेँछु त ? पढ्नु भनेको त जानेको कुरालाई व्यवहारमा देखाउनु पनि पो हो त । (कोल्टे फर्किन्छ) ।



दुई दिन घरमा के गरेर बिताउनु । पढ्न मन लाग्दैन, गृह कार्य गर्न पनि मन लाग्दैन । सानो कुरा सहन नसक्ने म कस्तो मानिस ? अन्याय नसहनु भनेको सबैतिर झगडा गर्नु भनेको होइन नि ! मैले कस्तो कुरा नबुझेको ? मानिसमा सहन सक्ने शक्ति हुनु पनि ठुलो गुण हो भन्छन् । अनिल काकाले धीरकुमार हात्तीको कथा सुनाउनुभएको थियो ।



Curriculum Development Centre

एउटा हात्ती पोखरीमा नुहाएर घाममा बसेको थियो । उसका पिठ्युँमा मृगका बच्चा आएर उफ्रिन थाले । हात्तीको पिठ्युँभरि फोहोर लाग्यो । हात्ती ती बच्चालाई केही पनि नगरी चुपचाप बसिरह्यो । मृगका बच्चाले हात्तीको पिठ्युँमा दिसा पिसाब पनि गरे । तर पनि हात्तीले केही गरेन । एउटा पशु त अर्काका बच्चाप्रति त्यति सहनशील हुन्छ भने म त मानिस । आफ्नै साथीले गरेको सानोतिनो गल्ती सहन नसक्ने म कस्तो मानिस । ममा धैर्य खै ? पढेका, सुनेका र देखेका कुराबाट मैले शिक्षा लिन  सकिनँ । त्यसैको परिणाम म आफैँ भोग्दै छु ।

मानिसलाई राम्रो वा नराम्रो बनाउने कारण धेरै हुँदा रहेछन् । आज म नराम्रो मानिस भएको छु । यो मेरै व्यवहारले त हो नि ! आफ्नै कक्षाको साथीलाई थप्पड नहानेको भए विद्यालयबाट निष्कासित हुने थिइनँ । निष्कासित नभएको भए मनमा तुफान आउने थिएन । ठिक समयमै निदाइसक्थेँ । भोलि विद्यालय गएको हुने थिएँ । सबैसित मिलेर पढ्दै गरेको पनि हुने थिएँ । मैले माहात्मा गान्धी र गौतम बुद्धको जीवनसँग सम्बन्धित कथा पनि पढेको थिएँ । तर त्यति बेला मैले त्यो कथा किन केही सम्झिनँ ।

शिष्ट व्यवहार गर्ने मानिसले कतै पनि दुःख पाउँदैन । सफा मन र शिष्ट व्यवहारका बिच साँच्चै नजिकको सम्बन्ध रहेछ । आजको घटनाबाट मैले कारबाही मात्र भोगिनँ, शिक्षा पनि पाएँ । अब म कहिल्यै पनि विनम्रतालाई छोड्दिनँ । सानातिना कुरामा रिसाउँदिनँ । सहेर बस्छु र धैर्य लिन्छु । असल बानी र व्यवहार मात्र ग्रहण गर्छु । सबैसँग शिष्ट व्यवहार गर्छु । असल कुरा पढेर बिर्सिन्न, बरु व्यवहारमा उतार्छु । यो नै अनुशासन हो र मेरो हित हुने बाटो पनि हो । आज जे भयो, भयो । यो पनि मेरो एउटा परीक्षा नै भयो । भोलिबाट म नराम्रो बिर्सँदै र छोड्दै अनि राम्रो सम्झँदै व्यवहारमा उतार्दै अघि बढ्छु । (फेरि घडितिर हेर्दै) एघार बज्न लागिसक्यो । अब त निदाउनै पर्‍यो ।


सारांश

मानिस अनेक कारणबाट चिन्तित हुन्छ । तीमध्ये अनुशासन तोड्ने काम गर्दा पनि मानिस चिन्तित हुन्छ । अनुशासनको सीमामा बस्ने मानिसलाई चिन्ताले सताउँदैन । विनम्रता, सहनशीलता र धैर्य मानिसलाई अनुशासनमा राख्ने सूत्र हुन् । मानिसलाई सङ्गतले पनि प्रभाव पार्छ । खराब सङ्गतले मानिसलाई पतनतिर लैजान्छ भने राम्रो सङ्गतले उन्नतितिर बढाउँछ । यसमा निर्णय गर्ने क्षमता आवश्यक हुन्छ । जीवनका विविध घटना र पुस्तकका ज्ञानबाट मानिस परिपक्व बन्छ । ज्ञानको व्यावहारिक प्रयोग भने आवश्यक छ ।


Curriculum Development Centre

## अभ्यास

१. आफ्नो मूल्याङ्कन आफैं गर :

(क) म सबैसँग नम्र भई

(अ) बोल्छु ( ) (आ) बोल्दिनँ ( )

(ख) म गल्ती गर्ने साथीलाई

(अ) जिस्क्याउँछु ( ) (आ) सम्झाउँछु ( )

(ग) म आफूले गरेको गल्ती

(अ) दोहोऱ्याउँदै जान्छु ( ) (आ) सच्याउँदै जान्छु ( )

(घ) म राम्रो सङ्गतको खोजी

(अ) गर्छु ( ) (आ) गर्दिनँ ( )

(ङ) म पढेका, सुनेका र देखेका राम्रा कुरा व्यवहारमा

(अ) उतार्छु ( ) (आ) उतार्दिनँ ( )

२. तल दिइएको छोटो संवाद पढ र कोष्ठमा दिइएका शब्दहरू कसका लागि ठिक हुन्छन् उसको नाम लेखिएका कोठामा लेख :

**निगम :** कता जान लाग्यौ, अतुल ?

**अतुल :** जहाँ भए पनि तँलाई केको मतलब ?

**निगम :** मैले पढ्न जान लाग्यौ कि भनेर पो सोधेको त !

**अतुल :** पढ्ने ठेक्का त तेरो भइहाल्यो नि ! म त साथीकहाँ गफ गर्न हिँडेको ।

**निगम :** को साथीकहाँ जान लाग्यौ त ? आज विद्यालय नजाने ?

**अतुल :** साथीको नाम किन भन्नुपऱ्यो ? तँलाई मतलब नभएको कुरा ।

**निगम :** अनि आज विद्यालयमा जाँच छ नि, नदिने ? शिक्षकहरूले सबै आउनु भन्नुभएको छ ।

**अतुल :** जाँचसाँच छोड्दे, पढेर को ठुलो भएको छ र ? तिनै शिक्षक नै जाऊन् ।

(विनम्रता नभएको, मिठो बोल्ने, नमिठो बोल्ने, पढाइमा चिन्तित, पढाइमा बेवास्ता गर्ने, गफमा रुचि भएको, नियमित, अनियमित, छलकपट गर्ने, स्पष्ट बोल्ने, शिक्षक तथा शिक्षिकालाई आदर गर्ने, शिक्षक तथा शिक्षिकालाई उपेक्षा गर्ने

| निगम | अतुल |
|---|---|
| | |

Curriculum Development Centre

३. तिमीहरूले माथि प्रश्न नं. २ को उत्तर लेख्यौ । तिमीहरू को जस्तो हुन्छौ ? कारण जनाई दस वाक्यको एक अनुच्छेद लेख :

४. तल दिइएका प्रश्नको छोटो उत्तर लेख :

(क) वसन्त चिन्तित हुनाको कारण के हो ?

(ख) वसन्त कस्तो विद्यार्थी हो ?

(ग) अन्याय नसहनु भनेको के हो ?

(घ) नराम्रो सङ्गतको परिणाम कस्तो हुन्छ ?

(ङ) वसन्तले के प्रतिज्ञा गऱ्यो ?

५. तल दिइएका कार्यहरू गर :

(क) कक्षाका साथीहरूबिच मेलमिलाप बढाउन परस्पर गर्नुपर्ने कामहरूको सूची बनाई कक्षामा प्रस्तुत गर ।

(ख) विद्यालयको खराब बानी व्यवहार भएको साथीलाई सुधार गर्न तिमीहरूको कक्षाका साथीहरूले गर्न सक्ने उपायहरू तयार पारी प्रधानाध्यापकलाई बुझाऊ ।

(ग) विद्यालयको अनुशासन पालना गर्ने कक्षाहरूमध्ये आफ्नो कक्षालाई पहिलो बनाउनु छ भने तिमीहरूले आजैबाट छोड्नुपर्ने र सुरु गर्नुपर्ने पाँच पाँच ओटा काम के हुन सक्छन्, तल दिइएको ढाँचामा बुँदागत रूपमा प्रस्तुत गर :

| आजैबाट छोड्नुपर्ने कामहरू | आजैबाट सुरु गर्नुपर्ने कामहरू |
|---|---|
| (क)...................... | (क) ................ |
| (ख) ................... | (ख) ....................... |
| (ग) ...................... | (ग) ................. |
| (घ) ..................... | (घ) ...................... |
| (ङ) ...................... | (ङ) .................... |

Curriculum Development Centre

# पाठ : २ अनुशासनका फाइदा

अपेक्षित व्यवहार

- अनुशासनका फाइदा बताई व्यवहारमा उतार्न
- आत्म विश्वास बढाई काम गर्न
- आत्म सन्तुष्टिको अनुभव गर्न र सन्तुष्टि बढाउन
- आत्म सम्मानका साथ जीवन यापन गर्न
- अनुशासित भई मानसिक र बौद्धिक विकासमा तत्पर रहन



जोरपीपल माध्यमिक विद्यालयको रजत जयन्ती धुमधामसँग मनाइँदै छ । यस उपलक्ष्यमा विद्यालयमा खेलकुदलगायत विभिन्न प्रतियोगिताको आयोजना गरिएको छ । तीमध्ये एउटा कार्यक्रम दोहोरी गीत प्रतियोगिता हो । यसमा चौध ओटा समूहले भाग लिएका थिए । तिनीहरूमध्ये छानिएर आएका महाकाली र मेची दुई समूहबिच अन्तिम प्रतिस्पर्धा हुँदै छ । कार्यक्रमका सञ्चालकको निर्देशन पाएपछि दुवै समूह गीत गाउन सुरु गर्छन् :

महाकाली : आजको दिन खुसीको छिन दोहोरी गाऔँ न
आठ दस प्रश्न सोद्धछौँ साथी, उत्तर पाऔँ न !

शिक्षण सुझाव

- अनुशासनबाट हुने फाइदाहरूको सूची बनाई कक्षा कोठामा टाँस्न लगाउनुहोस् ।
- कक्षाका विद्यार्थीहरूमध्येबाट दुई जनालाई छानी पाठमा प्रस्तुत दोहोरी गीतलाई लयबद्ध रूपमा पालैपालो भन्न लगाउनुहोस् ।
- अनुशासनलाई महत्त्व दिने अन्य गीत, कविता, कथा आदि सुनाउनुहोस् र त्यसबारे विद्यार्थीहरूबिच छलफल गराउनुहोस् ।

Curriculum Development Centre

मेची : सोध न साथी ! जानेको भए उत्तर दिऔँला
जानेनौँ भने दुई हात जोडी माफ पाऔँ भनौँला ।

महाकाली : बुबा र आमा गुरु गुरुमा नाता र साथीभाइ
सबैले किन महत्त्व दिन्छन् यो अनुशासनलाई ?

मेची : सारै नै राम्रो प्रश्न पो गर्‍यौ उत्तरको आशले
हामीलाई राम्रो बाटामा लाउँछ यो अनुशासनले ।

महाकाली : यो अनुशासन पालना गर्दा फाइदा के छ र ?
जानेको भए भनन साथी ! त्यो पनि फरर ।

मेची : जो अनुशासन मान्दछ सधैँ उसैको बढ्दछ
जुनसुकै काम गर्नका लागि त्यो आत्म विश्वास ।

महाकाली : ठिकै पो भन्यौ ए मेरा साथी ! अरू के हुन्छ नि ?
यो अनुशासन पालना गर्दा पाइने लाभ नि !

मेची : जसले यसको पालना गर्‍यो त्यो पनि लौ बुझ
उसैको हुन्छ मनमा शान्ति र आत्म सन्तोष ।

महाकाली : यसले हाम्रो सम्मान पनि बढाउँछ जस्तो छ
भन त साथी यो मेरो कुरा ठिक बेठिक कस्तो छ ?

मेची : यसले हाम्रो बढाउँछ साथी ! त्यो आत्म सम्मान
तिमीले भन्या ठिकै हो, कत्ति धन्दा नै नमान ।

महाकाली : यसले हाम्रो मनलाई साथी ! माझ्छ कि माझ्दैन ?
जीवनभरि यो अनुशासन काम लाग्छ लाग्दैन ?

मेची : मनलाई सफा पारेर नयाँ भावना भरेर
जीवनलाई हिँडाउँछ यसले उपकार गरेर ।

महाकाली : व्यक्तिका लागि धेरै नै फाइदा गर्दछ यसले
भन्ने त बुझेँ, अझै क्यै सोधौँ तिमीलाई अहिले ?

मेची : सोध न साथी ! मनका कुरा पराई नठान


Curriculum Development Centre

नजान्ने कुरा सोध्नका लागि लाज कैल्यै नमान ।

महाकाली : समाजलाई पनि त साथी ! क्यै लाभ हुन्छ कि ?
यो अनुशासन पालना गर्दा, भनिदेऊ न छोटकरी ।

मेची : यसैले बढ्छ समाजबिच शान्ति र सद्भाव
एकता, मेल, सभ्यता अनि चौतर्फी विकास ।

महाकाली : देशलाई पनि यसले फाइदा गर्दछ, होइन त ?
त्यस बारे पनि जानेको कुरा थोरैमा भन त !

मेची : यै अनुशासनबाट नै बढ्छ देशको सुनाम
देशको नाम राखेनौँ भने पढेको के काम ?

महाकाली : राम्ररी बुझेँ यसका फाइदा, धन्यवाद तिमीलाई
फेरि नि भेट हौँला नि साथी ! बिदा पाऊँ आजलाई ।

मेची : यतिका असल साथीका साथमा गीत अब गाइन्न
सधैँ नै अनुशासनमा बस, दुःख कतै पाइन्न ।

सारांश

अनुशासन पराधीनता होइन, बरु सच्चा स्वतन्त्रताको सार हो । अनुशासन मानिसको बहुमुखी व्यक्तित्व विकासको आधार हो । यसले आत्म विश्वास बढाउने काम गर्न प्रेरित गर्छ । अनुशासनको पालनाबाट आत्म सन्तुष्टि पनि बढ्छ । यसले आत्म सम्मानका साथ जीवन यापन गर्न सहयोग गर्छ । अनुशासनको पालनाबाट समाजमा मेल, एकता र सद्भाव बढाई विकास गर्न सहयोग पुग्छ । अनुशासन देशका लागि पनि आवश्यक छ । अनुशासनबाट नै देशको सान र नाम पनि बढ्छ । अनुशासनको पालना गर्ने मानिस, समाज र राष्ट्रले दुःख पाउँदैनन् ।

Curriculum Development Centre

## अभ्यास

१. आफ्नो मूल्याङ्कन आफैँ गर :

(क) मैले अनुशासनका फाइदा बुझेको

(अ) छु ( ) (आ) छैन ( )

(ख) अनुशासनले ममा आत्म विश्वास

(अ) बढाउँछ ( ) (आ) घटाउँछ ( )

(ग) म अनुशासनको पालना गरेर आत्म सम्मान साथ जीवन यापन गर्न

(अ) चाहन्छु ( ) (आ) चाहन्नँ ( )

(घ) अनुशासनको पालना गर्ने समाजको

(अ) विकास हुन्छ ( ) (आ) विनाश हुन्छ ( )

(ङ) अनुशासन पालनाले व्यक्ति, परिवार, समाज र देशलाई

(अ) फाइदा हुन्छ ( ) (आ) बेफाइदा हुन्छ ( )

(च) अनुशासनको पालनाबाट पढाइ

(अ) सार्थक हुन्छ ( ) (आ) निरर्थक हुन्छ ( )

२. तलका प्रश्नको छोटो उत्तर लेख :

(क) दोहोरी गीत प्रतियोगिताको आयोजना किन हुँदै छ ?

(ख) आत्म विश्वास बढाउन के गर्नुपर्छ ?

(ग) व्यक्तिका लागि अनुशासनका फाइदा के रहेछन् ?

(घ) अनुशासनले समाजलाई कसरी फाइदा पुऱ्याउँछ ?

(ङ) देशको नाम राख्न के गर्नुपर्छ ?

(च) कतै पनि दुःख नपाउने उपाय के हो ?

३. तलका भनाइहरू ठिक भए ( √ ) र बेठिक भए ( ✕ ) चिह्न देऊ :

(क) गल्ती भएका ठाउँमा माफ माग्नु ठिक हो । ( )

(ख) मानिसलाई अनुशासनले बन्धनमा पार्छ । ( )

(ग) अनुशासनबाट शान्ति र सन्तोष पाइन्छ । ( )



Curriculum Development Centre

(घ) नजानेको कुरा सोध्नु बेइज्जती हो । ( )

(ङ) आफूले पढेको कुराबाट देशको पनि हित हुनुपर्छ । ( )

(च) अनुशासनले मानसिक विकास गर्न सहयोग पुऱ्याउँछ । ( )

४. पाठलाई आधार बनाई अनुशासनका फाइदाबारे बिस वाक्यको एउटा अनुच्छेद लेख ।

५. तल दिइएका प्रश्नलाई छलफल गरी उत्तर लेख :

(क) पाठमा उल्लेख भएका बाहेक अनुशासनका अन्य फाइदा के छन् ? अभिभावकसँग सोधखोज गरी बुँदागत रूपमा लेखेर कक्षामा प्रस्तुत गर ।

(ख) अनुशासनको फाइदा नदेख्ने साथीलाई यसका फाइदा छन् भन्ने बुझाउन तिमी के उपाय गर्छौ ? आफूले गर्न सक्ने उपायहरूको सूची बनाऊ र कक्षामा प्रस्तुत गर ।

(ग) विद्यालयका अतिरिक्त क्रियाकलापहरूमध्ये तिमीलाई भाग लिन मन लाग्ने प्रतियोगिताहरूको नाम आफ्नो प्राथमिकता क्रमअनुसार लेख :

(१) खेलकुद (२) साहित्यिक कार्यक्रम (३) हाजिरी जवाफ (४) वक्तृत्व कला (५) दोहोरी गीत (६) नृत्य (७) चित्रकला (८) हिज्जे प्रतियोगिता (९) अभिनय (१०) अनुशासन प्रदर्शन (११) स्वयम् सेवा

(घ) (ग) नं. का प्रतियोगितामा सहभागी हुँदा के कस्ता अनुशासनको पालना गर्नुपर्छ ? बुँदागत रूपमा लेख ।

(ङ) तलको कथा पढेर कक्षामा सबै साथीहरूलाई सुनाऊ :

रमन र रमिला बाटोमा सँगसँगै हिँड्दै थिए । यत्तिकैमा एक जना कालो चस्मा लगाएर सेतो छडी बाटोमा टक्टक् पार्दै हिँड्दै गरेको मान्छे भेटियो । ती मान्छेलाई देख्ने बित्तिकै रमनले रमिलालाई ऊ अन्धोलाई हेर त, कसरी हिँडेको भनेर भन्यो । रमिलालाई यसो भनेको मन परेन । उनले रमनलाई सम्झाउँदै भनी - अन्धो भनेर अरूलाई यसरी हेप्नु हुन्न । यसो गर्नु अनुशासित विद्यार्थी वा व्यक्तिलाई सुहाउँदा पनि सुहाउँदैन । बरू यस्तो व्यक्तिलाई दृष्टिविहीन भन्नुपर्छ । त्यस्तै कान नसुन्नेलाई बहिरा भन्नुपर्छ । हात खुट्टा वा शारीरिक समस्या भएका व्यक्तिलाई शारीरिक अपाङ्गता भएका व्यक्ति भन्नुपर्छ । सुस्त मनस्थिति भएका व्यक्तिलाई बौद्धिक अपाङ्गता भएका व्यक्ति भन्नुपर्छ । रमिलाको कुराले रमनलाई निक्कै प्रभाव पाऱ्यो । उसले रमिलालाई धन्यवाद दिँदै अब आइन्दा यस्तै शब्द प्रयोग गर्ने वचन दियो ।

Curriculum Development Centre

# पाठ : ३ कामअनुसारको फल

## अपेक्षित व्यवहार

- असल कर्मबारे बताउन
- असल कार्यको फल असल हुन्छ भन्ने बुझी असल काम गर्न
- आफ्नो जिम्मेवारी बोध गरी व्यवहार गर्न
- अरूलाई पनि सकारात्मक सोचका साथ काम गर्न उत्प्रेरित गर्न

सोच

असल

कार्यप्रतिको जिम्मेवारी, साँचो बोल्नु, सभ्य व्यवहार, जवाफदेही, सङ्कल्प लगनशीलता, अनुशासन, धैर्य र परिश्रम

असल परिणाम

असल व्यक्ति

खराब

अल्छीपना, अहङ्कार, हेला, असभ्य व्यवहार, गैर जिम्मेवारी, ईर्ष्या, बदमासी र एकाधिकार

खराब परिणाम

खराब व्यक्ति

---

## शिक्षण सुझाव

– विद्यार्थीको दैनिक जीवनमा हुने असल परिणामहरूको सूची तयार गर्न लगाउनुहोस् र तिनीहरूको फाइदाका बारेमा छलफल गराउनुहोस् ।
– प्रत्येक विद्यार्थीको विचारमा उनीहरूले गरेको सबैभन्दा असल काम र खराब काम बताउन लगाउनुहोस् । ती कामबाट हुने फाइदा र बेफाइदा भन्न लगाउनुहोस् । त्यसका लागि आवश्यकतानुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।
– कुनै घटनाको भूमिका अभिनय गर्न लगाई त्यसबाट सकारात्मक सोच र असल परिणामप्रति दत्तचित्त हुन उत्प्रेरित गर्नुहोस् ।
– पाठको अन्त्यमा अपेक्षित व्यवहार, सिकाइ उपलब्धि र सक्षमता प्राप्त भए भएनन् ? निरन्तर विद्यार्थी मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

Curriculum Development Centre

तल दिइएका कथाको अध्ययन गरौँ :

**कथा १**

कल्पना आमा बुबासँग पोखरामा बस्थिन् । एक दिन उनी बुबा आमासँग सेती नदीको किनारातिर डुल्न गइन् । सेती नदीका छेउछाउमा अति गहिरा र साँघुरा खोँच छन् । उनी अचानक एउटा खोँचमा परिन् । खोँचको गहिराइसम्म गएर उनलाई निकाल्न धेरैले प्रयास गरे । सुरक्षाकर्मीले पनि सकेसम्म प्रयास गरे तर व्यर्थ भयो ।

कल्पना आत्तिएर रुन थालिन् । आमा बुबा पनि रुन कराउन थाले । अरू मानिस पनि चिन्तित भए । त्यसै बेला साथीसँग खेल्दै गरेका एक जना बालक भिड जम्मा भएतिर आए । उनको नाम कमल थियो । कमलले भिड जम्मा हुनुको कारण बुझे । उनले खोचमा पसेर कल्पनालाई बाहिर निकाल्ने कुरा गरे । धेरैले उनको कुरा पत्याएनन् । उनीहरूले खोँचमा पसेर यो पनि मर्ने भयो भन्ने ठाने ।

भिडले भनेको कुरालाई वास्ता नगरी कमल सुरक्षाकर्मीको सहयोग र निर्देशनले होसियारी साथ खोँचको गहिराइसम्म पुगे । कल्पना आत्तिएर रोइरहेकी थिइन् । कमलले उनलाई बाहिर ल्याए । सबैको हर्षले सीमा नाघ्यो । कमलले धेरै स्याबासी र पुरस्कार पाए । उनको नाम पोखरामा मात्र नभई सबैतिर फैलियो । कमलका बुबा आमाले पनि धेरै बधाई पाए । कमलको साहस र उपकारको सबैतिर प्रशंसा भयो । पत्रिका, रेडियो र टेलिभिजनमा उनका कामको प्रचार र प्रशंसा भयो । उनलाई एउटा प्रतिष्ठित विद्यालयले नि:शुल्क पढाउने घोषणा गऱ्यो । उनी त्यहाँ भर्ना भए र राम्रोसँग पढ्न थाले । नेपाली बालक वीर, साहसी, जिम्मेवार र परोपकारी हुन्छन् भन्ने कुरा कमलले प्रमाणित गरे । राम्रो कामको परिणाम पनि राम्रो हुने कुरा कमलको कामबाट पुष्टि भयो ।

सार

- असल कामका लागि सधैँ तयार हुनुपर्छ ।
- असल काम गर्न उमेरले छेक्दैन ।
- असल कामका लागि प्रोत्साहन दिऔँ ।
- काम गर्नेले सबैतिर प्रशंसा र अवसर पाउँछ ।
- उपकारबाट सन्तुष्टि पाइन्छ ।
- काम गर्ने मानिसलाई अवसर पनि दिनुपर्छ ।

**कथा २**

सुनथला गाउँको जामुने खोलामा सरकारले पुल हालिदिने भयो । पुल बन्ने कुराले गाउँलेहरू ज्यादै खुसी भए । पुलका लागि सरसामान किन्न सरकारले खर्च गऱ्यो भने गाउँलेले खुसीसाथ श्रमदान



Curriculum Development Centre

गरे । पुल बनाउने ठेक्का हर्कजितले पाए । गाउँलेहरू श्रम गर्थे । हर्कजित उनीहरूलाई काम अराउँथे । उनी गाली गर्ने र दोष देखाउने काम पनि गर्थे । पुल बन्ने खुसीले सबैले उनको गाली पनि सहेर बसेका थिए । तर सबै मिलेर काम गर्थे ।

एक दिन पुलका लागि एउटा ठुलो फलामे खम्बा उठाउनुपर्ने भयो । जम्मा भएका सबैले खम्बा उठाउने प्रयास गरे पनि सकिरहेका थिएनन् । हर्कजित काम गर्न नसकेको भनेर गाउँलेलाई हप्काइरहेका थिए । आफूचाहिँ कुनै पनि काम गर्दैनथे । एक दुई जनाको बल थपिए खम्बा उठाउन सकिने थियो । खम्बा उठाउन गाउँलेले फेरि प्रयास थाले तर उठाउन सकिरहेका थिएनन् । यस्तैमा टाढाबाट एक जना मानिस त्यहाँ आइपुगे । उनको नाम साधुराम थियो । साधुरामले गाउँलेले प्रयास गरेको पनि देखे र हर्कजितले छेउमा बसेर गाली गरिरहेको पनि सुने । कोही सकेसम्म बल लगाएर खम्बा उचालिरहेका छन् भने अर्कोतिर एउटा मानिस गाली गरिरहेको छ । साधुरामलाई यो कुरा मन परेन । उनले हर्कजितलाई पनि सहयोगका लागि आग्रह गर्न थाले । साधुरामको आग्रहलाई हर्कजितले पहिला त आफूलाई मजदुर ठानेर गरिएको हेपाइ जस्तो माने । तर साधुरामले दोहोऱ्याएर भनेपछि उनी पनि सबैसँग मिलेर खम्बा उचाल्न थाले । साधुराम र हर्कजितको समेत बल पुगेपछि खम्बा उठ्यो । सबै खुसी भए । हर्कजितलाई सबैको बल र सहयोगले कठिनभन्दा कठिन  काम पनि गर्न सकिने रहेछ भन्ने लाग्यो । आजभोलि कतै यस्तो काम परे उनी सहयोग गर्छन् र सन्तोषको अनुभव गर्छन् । अरूलाई पनि यस्तो काम गर्न प्रेरणा दिन्छन् । साधुरामको सहयोगले हर्कजितको सोचाइ र संस्कार नै फेरिएको छ ।

सार

- मानिसले सकेको श्रम गर्नुपर्छ ।
- समूहमा मिलेर काम गर्ने बानीको विकास गर्नुपर्छ ।
- सबैको सहयोगबाट कठिन काम पनि पुरा हुन्छ ।
- श्रम नगर्ने मानिसले श्रम गर्ने मानिसलाई हेप्नु हुँदैन ।
- काम पुरा गर्नका लागि ठुलो शक्ति नै एकता हो ।
- असल कामका लागि कसैको प्रेरणा महत्त्वपूर्ण हुन्छ ।
- मानिसको सोचाइमा परिवर्तन भएपछि व्यवहार पनि बदलिन्छ ।

### कथा ३

च्याङ्ला गाउँको डाँडामाथि हिमालय माध्यमिक विद्यालय छ । त्यसमा रतनलाल यादव प्रधानाध्यापक छन् । उनी विद्यालय, विद्यार्थी र अभिभावकको हितका लागि काम गर्छन् । उनी आफू पनि सफासुग्घर र अनुशासित छन् । अरूलाई पनि त्यस्तै हुन प्रेरणा दिन्छन् । उनलाई सबैले मन पराउँछन् ।

Curriculum Development Centre

प्रधानाध्यापक यादव प्रत्येक विद्यार्थीको पढाइ र गतिविधिको निरीक्षण गर्छन् । एक दिन उनले केही विद्यार्थी दाँत नमाझी विद्यालय आएको थाहा पाए । पढाइ सकिएपछि घर फर्कने बेलामा उनले सबै विद्यार्थीलाई विद्यालयको प्राङ्गणमा भेला पारे र भने, “भाइ बहिनी हो, भोलिदेखि तिमीहरू सबैजना दाँत माझेर विद्यालय आउनू ।”

भोलिपल्ट पनि प्रधानाध्यापकले विद्यार्थीको निरीक्षण गरे । त्यो दिन पनि केही विद्यार्थीले दाँत माझेका थिएनन् । अघिल्लो दिन जस्तै उनले सबै विद्यार्थीलाई दाँत माझेर आउन भने । यो क्रम केही दिनसम्म चल्यो तर केही विद्यार्थीले दाँत माझ्दै माझेनन् । उनीहरू प्रधानाध्यापकका अगाडि हुन्छ भन्थे तर दाँत माझ्दैनथे । जति भने पनि केही विद्यार्थीले नटेरेकामा उनलाई दुःख र आश्चर्य दुवै लाग्यो ।

एक दिन प्रधानाध्यापक यादव विद्यार्थी आउनुभन्दा पहिले नै विद्यालय आए । उनी पानी, ब्रस, मन्जन र रुमाल लिएर विद्यालयको मूल ढोकामा उभिए । जजसले दाँत माझ्ने गरेका थिएनन्, उनीहरूलाई मन्जन र ब्रस दिए । दाँत माझ्न लगाए र कुल्ला गर्नका लागि आफैँले पानी हालिदिए । अनि रुमालले मुख पुछिदिए । विद्यालयमा दाँत माझ्नेहरू लज्जित भए । अर्को दिनबाट सबै विद्यार्थी दाँत माझेर आउन थाले । उनीहरू कपडा पनि सुकिला पार्न लागे । उनीहरूले कक्षा कोठामा फोहोर फाल्न पनि छाडे । कक्षामा भएको फोहोर पनि निश्चित ठाउँमा लगेर फाल्ने र हात धुने बानी बसाले । हिजोआज हिमालय माध्यमिक विद्यालयको वातावरण बदलिएको छ । विद्यार्थीहरू घरमा पनि जताततै फोहोर फाल्दैनन् । टोल छरछिमेक पनि सफा सुग्घर भएका छन् । छिमेकी विद्यालयका शिक्षकहरू अनुशासन र सफा सुग्घरको उदाहरण दिँदा हिमालय माविको नाम लिन्छन् ।

सार

- सकारात्मक सोच र व्यवहारद्वारा परिवर्तन ल्याउन सकिन्छ ।
- ठुलाले भनेको असल काम हामी सबैले गर्नुपर्छ ।
- भनाइ र गराइमा भिन्नता हुनु हुँदैन ।
- नराम्रो बानीलाई राम्रो व्यवहारले सुधार्न सकिन्छ ।
- आदेशको पालना गर्नु पनि अनुशासन हो ।
- राम्रो व्यवहारबाट सबैको प्यारो र उदाहरणीय भइन्छ ।

Curriculum Development Centre

**सारांश**

असल कामको परिणाम असल नै हुन्छ । हामीले जहिले पनि सकारात्मक सोच राखी असल व्यवहार गर्नुपर्छ । यसले हामीलाई जिम्मेवार, लगनशील र जवाफदेही बनाउँछ । हरेक व्यक्ति आफ्नो कामप्रति जिम्मेवार बन्नुपर्छ । समाजमा रहेका अरू व्यक्तिलाई पनि सकारात्मक सोच राख्न र जिम्मेवार बन्न प्रोत्साहन दिनुपर्छ । हामी अनुशासित, मर्यादित, लगनशील र जिम्मेवार हुन असल सोचका साथ अघि बढ्नुपर्छ । यसले हरेक व्यक्तिको उन्नति र प्रगति हुन्छ ।

## *अभ्यास*

१. आफ्नो मूल्याङ्कन आफैँ गर :

(क) म सकारात्मक सोचका साथ काम

(अ) गर्छु ( ) (आ) गर्दिनँ ( )

(ख) मैले अरूको व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने काम गरेको

(अ) छु ( ) (आ) छैन ( )

(ग) म लगनशील भई काम

(अ) गर्छु ( ) (आ) गर्दिनँ ( )

(घ) म असल कर्मबारे बताउन

(अ) सक्छु ( ) (आ) सक्दिनँ ( )

(ङ) मैले राम्रो काम गरेबापत स्याबासी पाएको

(अ) छु ( ) (आ) छैन ( )

२. छोटकरीमा उत्तर लेख :

(क) पाठमा दिइएका कथामध्ये तिमीलाई सबैभन्दा बढी मन परेको कथा कुन हो ? कारण खुलाऊ ।

(ख) हर्कजितमा परिवर्तन कसरी भएको छ ?

(ग) रतनलाल यादव कस्ता प्रधानाध्यापक रहेछन् ?

(घ) कमल, साधुराम र रतनलाल यादवमा कस्तो समानता पाइन्छ ?

(ङ) विद्यालयको भित्तामा जथाभावी लेख्ने बानी भएको साथीलाई सुधार्न तिमी के गर्छौ ?

Curriculum Development Centre

३. तलका घटनामा काम र परिणामबिचको सम्बन्ध भन :

(क) केही दुर्गम गाउँमा सरसफाइको अभावका कारणले झाडा पखाला रोगबाट एक दर्जन मानिसको ज्यान गयो ।

(ख) अन्धविश्वासी गाउँलेले मरनीदेवीलाई बोक्सीको आरोपमा गाउँ निकाला गरे ।

(ग) दुधमा मिसावट गर्ने व्यापारीलाई प्रहरीले थुन्यो ।

(घ) निरन्तर परिश्रम गरेकाले झमककुमारीले धेरै पुरस्कार पाइन् ।

४. निम्नानुसारका विषय पुष्टि हुने पाँच पाँच ओटा उदाहरण लेख :

(क) असल कामको असल परिणाम

(ख) खराब कामको खराब परिणाम

५. तल दिइएका प्रश्नको जवाफ लेख :

(क) तिम्रो समुदायका असल व्यक्तिहरू कुनै न कुनै क्षेत्रमा सफल भएका होलान् । उनीहरू सफल हुनाको कारण खुलाऊ र कुनै एक व्यक्तिको जीवनी लेखी कक्षामा सुनाऊ ।

(ख) तिम्रो कक्षा कोठामा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न के कस्तो असल व्यवहार देखाउनुपर्छ ? साथीसँग छलफल गरी तिनको सूची बनाऊ ।

(ग) विद्यार्थी र शिक्षकले प्रदर्शन गर्नुपर्ने असल व्यवहारहरूको सूची तयार पारी कक्षामा टाँस । यसका लागि शिक्षक तथा विद्यार्थी आपसमा छलफल गरी टुङ्गामा पुग ।

(घ) तिमीले देखेसुनेका कुनै यस्ता घटना जसबाट कामअनुसारको परिणाम प्राप्त भएको छ भने साथीहरूबिच एक आपसमा सुनाऊ ।

६. **शिक्षकको सल्लाहमा मूल्य प्रदशर्नी (मानवीय मूल्यबोध गराउने हस्तकला तथा चित्रकला प्रदशर्नी) आयोजना गर र विद्यालयका सबै विद्यार्थीले अवलोकन गर्ने वातावरण बनाऊ ।**

Curriculum Development Centre